Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष–१३ , अंक– ५, २०७७ साल भदौं २ गते मंगलबार (Aug 18, 2020) www.janaakash.com.np रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# सिन्धुपाल्चोकको बिपत्तमा सवैले सहयोग गरौं

- हराएका ३९ जनाको मात्र लास भेटिए ।
- बागमती प्रदेशको भुगोल दुरदराजमा ।
- बस्ती सार्ने सरकारको योजना ।

मोहन कार्की

सिन्धुपाल्चोक । सिन्धुपाल्चोकको जुगल गाउँपालिकामा गएको गएको भिषण पैरोले जनधनको क्षति पुर्‍याएको छ । हराएका ३९ जनाको मात्र लास भेटिएको छ भने २० जना मानिसहरु अझै भेटिएका छैनन् । यो बर्ष मात्र सिन्धुपाल्चोक जिल्लामा बाढीवाट ज्यान गुमाउनेको संख्या भण्डै ७० को हाराहारीमा रहेको छ । हजारौ हजार बिस्थापित भएका छन् । यो बिपत्तको घडीमा सिन्धुपाल्चोकाका पैरो, बाढी पिडीतहरुलाई धेरै भन्दा धेरै आधारभुत सामग्रीहरुको सहयोग आवाश्यक छ ।

त्यसैले सम्भव भएसम्म सवैले सकेको सहयोग गरी नेपालको सिन्धुपाल्चोक जिल्लालाई आई परेको बिपत्तलाइ बिशेष गरेर आसपासका जिल्लाहरु र पाएक पर्ने क्षेत्रका संघ/संस्थाहरुले मानवीय उद्धार र व्यवस्थापनमा सहयोग पुर्‍याउन ढिलो गर्नु हुदैन । किनकी यतिवेला कोरोनाको महामारीको त्रासले देशमा सहज ढंङगवाट यातायातको साधनहरु सञ्चालनमा छैनन् । स्रोत साधनहरु उपलब्द छैनन् । त्यसकारण आसपासका जिल्लाहरुले संघ/संस्थाहरुले उद्धारका काम र आर्थिक , नैतिक, भौतिका सहयोग गर्नुपर्दछ । जो ति सिन्धुपाल्चोकमा सहयोग गर्न चाहाने सहयोगी हातहरुलाई, मनहरुलाई सिन्धुपाल्चोक कै जिल्ला प्रशासन कार्यलयले अन्य जिल्लामा समेत समन्वय गरेर सहयोग गर्न चाहानेहरुलाई सहज वातावरण बनाइदिनु पर्छ ति पैरो पीडित, बाढी पीडितका आधार शिविरमा सहयोगीहरु सजिलै आउन सकुन् ।

हुन त नेपाल सरकारका सभामुख अग्नि प्रसाद सापकोटा समेतले भ्रमण गरी सिन्धुपाल्चोक जुगल पैरोमा ज्यान गुमाउनेहरुका आफन्तलाई सानत्वना दिइसक्नु भएको छ । भने अन्य सरकारी निकायहरु सवै उद्धार व्यवस्थापनमा खटिएका छन् । यस्तो बिपत्त र महामारीको बेला त्यतिले मात्र मानवीय उद्धार र मानवीय आत्मवल उठाउन सकिदैन । सिंगै देशको ध्यान केन्द्रीत हुने गरी आवश्यक कदम चाल्नुपर्ने हुन्छ । किनकि मानिस बस्ने समाजमा मानिसभन्दा ठुलो अरु के हुन सक्दैन ।

बागमती प्रदेश सरकार प्रमुखले सिन्धुपाल्चोक पैरोको घटनामा दुखः व्यक्त गरिएको सुनियो प्रदेशस्तरीइ सरकारका मातहतका कुनै निकाय उपस्थित भएको पाइएको छैन ।

बिडम्वना नै मान्नुपर्छ बागमती प्रदेशको भुगोल दुरदराजमा पनि छ भनेर त्यसको बिकल्प खोज्ने तरिकाहरु मिलाउने र प्रदेशको राजधानी अपायक पर्ने ठाउँमा राख्दा सवै जिल्लालाई सजिलो हुन्छ भन्नुको सट्टा प्रदेश प्रमुख डोरमणि पौडेलले हेटौडा बनाउन हुइप जारी गरेर लगेको थिए । त्यसकारण बागमति प्रदेशलेको सरकारी संयन्त्र टाढा भएर होला त्यो सिन्धुपाल्चोक जुगल

बाँकी ८ पृष्ठमा

# प्रेस काउन्सिलको अध्यक्षमा भण्डारी

काठमाडौं । मिडिया हेर्ने संस्था प्रेस काउन्सिल नेपालको कार्यवाहक अध्यक्ष दुर्गा भण्डारीलाई बनाएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो । किशोर श्रेष्ठ भने काउन्सिल सदस्य पदमा यथावत् रहेको




छ । सरकारले भण्डारीलाई केही दिनअघि मात्र काउन्सिलको सदस्यमा नियुक्त गरेको थियो । प्रेस काउन्सिल ऐन २०४८ को ६ (१) क अनुसार सरकारले गठन गर्ने काउन्सिलमा 'सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिमध्येबाट नेपाल सरकारबाट मनोनित व्यक्ति अध्यक्ष हुने' व्यवस्था छ ।

त्यसैगरी प्रेस काउन्सिल ऐन २०७५ (मस्यौदा) को परिच्छेद २ को ३ (२) क मा 'सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेका, वरिष्ठ अधिवक्ता वा पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्ति मध्येबाट कम्तिमा ४५ वर्ष उमेर पुगेकाव्यक्ति अध्यक्ष हुने' प्रस्ताव गरिएको छ ।

# एसइई परीक्षाको नतिजा सार्वजनिक

भक्तपुर । राष्ट्रिय परीक्षा बोर्डले २०७६ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सोमवार सार्वजनिक गरेको छ । परीक्षाका लागि चार लाख ८२ हजार ९८६ विद्यार्थीले फारम भरेपनि चार लाख ७२ हजार ७८ विद्यार्थीको नतिजा सार्वजनिक गरेको बोर्डका सदस्य सचिव दुर्गा अर्यालले जानकारी दिनुभयो ।

परीक्षाका लागि फारम भरेका मध्ये १० हजार ९०८ विद्यार्थीको नियमानुसार हाजिरी नपुगेको, फाराम भर्दा त्रुटि भएको र नियम पूरा नगरी अयोग्य भएकाले नतिजा नआएको उहाँले जानकारी दिनुभयो । नतिजा सार्वजनिक गरेपनि बोर्डले कति विद्यार्थीले कुन जिपिए पाए भन्ने विवरण भने सार्वजनिक गरेको छैन । उक्त विवरण विद्यार्थीले विभिन्न वेभसाईट र एसएमएसबाट थाहा पाउन सक्ने व्यवस्था गरिएको छ ।

यसवर्षको नतिजा प्रकाशन भएपछि विद्यार्थीलाई पुर्नयोग गराउने, उत्तरपुस्तिका हेर्ने, पुनः परीक्षण गराउने र पुरक ग्रेडवृद्धि परीक्षा सञ्चालनसम्बन्धी कार्य भने नहुने भएको छ । बोर्डले व्यक्तिगत विवरणमा त्रुटि भएकाको हकमा भने ३५ दिन भित्र जिल्लास्थित शिक्षा तथा समन्वय एकाइमा निवेदन दिनुपर्ने व्यवस्था गरेको सदस्य सचिव अर्यालले जानकारी दिनुभयो । गत चैत ६ गतेबाट सञ्चालन गर्ने गरी तय गरेको परीक्षा कोभिड(१९ को सङ्क्रमण जोखिमका कारण अन्तिम समयमा आएर सरकारले स्थगन गरेपछि कक्षा १० को परीक्षामा आएको नतिजा र विद्यालयको समितिले गरेको मूल्याङ्कनको आधारमा बोर्डले नतिजा सार्वजनिक गरेको हो ।

कक्षा १० को विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ मा सम्बन्धित विद्यालयका प्रधानाध्यापकको अध्यक्षताको तीन सदस्यीय मूल्याङ्कन समितिले गर्ने आन्तरिक मूल्याङ्कनका आधारमा विद्यालयहरुले आ(आफ्ना विद्यालयका कक्षा १० का विद्यार्थीको नतिजा तयार पारेर बोर्डमा पठाएका थिए । सोही अधारमा बोर्डले अक्षराङ्कनमा बदलेर प्रमाणीकरण गरेर अन्तिम नतिजा तयार पारी सार्वजनिक गरिएको बताईएको छ ।

परीक्षा नियन्त्रण कार्यालयले करिब एक साता अघि परीक्षाफल तयार गरी बोर्डका अध्यक्षलाई बुझाएको र सोही आधारमा बोर्डले शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग सहमति लिएर नतिजा सार्वजनिक गरेको हो । परीक्षाफल प्रकाशित भएपनि भदौ १५ गतेसम्म विद्यार्थी भर्ना गर्न भने नपाइने भएको छ । सरकारको निर्देशन पालना नगर्ने विद्यालयलाई शिक्षा, विकास तथा समन्वय एकाइले कारबाही गर्ने बताएको छ ।

शिक्षा ऐनको आठौं संशोधनले संरचना परिवर्तन गरेसँगै विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२ मा हुने र कक्षा १० लाई प्रदेशस्तरमा सञ्चालन गर्ने व्यवस्था भएपनि अझै लागू भएको छैन । बोर्डका अनुसार नेपाल टेलिकम र एनसेलको

बाँकी ८ पृष्ठमा

# स्वास्थ्य मापदण्ड नमान्नेलाई एक हजार जरिवाना

काठमाडौँ । चन्द्रागिरि नगरपालिकाले कोरोना सङ्क्रमण वृद्धि भइरहेकोले तोकेको स्वास्थ्य मापदण्ड नमान्नेलाई रू एक हजार जरिवना गर्ने भएको छ ।

नगरपालिकाको नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी बल र नगरपालिकाभित्रका ६ वटै विषयगत समितिको प्रमुखसहितको आइतबार बसेको बैठकले बढ्दो कोरोना सङ्क्रमणलाई ध्यानमा राखेर स्वास्थ्य मापदण्ड नमान्नेलाई जरिवना गर्ने निर्णय गरेको हो । चन्द्रागिरिले नेपाल सरकारले गरेको निर्णय बमोजिम तीजलगायत आउँदै गरेका चाडपर्व आफ्नै घरभित्र रही जनस्वास्थ्य मापदण्ड पालना गरेर आ–आफ्नो परिवारका सदस्य मात्र मनाउने निर्णय गरेको छ । सो निर्णय नमान्नेलाई एक हजारसम्म जरिवना गर्ने नगरपालिकाले जनाएको छ ।


नगरपालिकाका प्रमुख घनश्याम गिरिले चन्द्रागिरिमा विदेश वा अन्य जिल्लाबाट आउने व्यक्तिले अनिवार्य रूपमा पिसिआर परिक्षण आफ्नो खर्चमा गर्नुपर्ने र २१ दिन होम क्वारेन्टिनमा बस्नुपर्ने बताउनुभयो । "माक्स नलगाई निषेधित क्षेत्र, सार्वजनिक स्थलमा प्रवेश गर्ने व्यक्तिलाई रू १०० जरिवना गरी दुईवटा माक्स उपलब्ध गराउने निर्णय भएको छ,"– उहाँले भन्नुभयो ।

चन्द्रागिरिभित्र सञ्चालित अत्यावश्यक सामाग्रीका पसलले आफ्नो पसल अगाडि डोरी लगाउनुपर्ने, माक्स, पञ्जालगायतका स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्नुपर्ने, भौतिक दूरीका लागि मार्किङ गरेको हुनुपर्ने अन्यथा एक हजारसम्म जरिवना गर्ने नगरपालिकाले निर्णय गरेको छ ।

अनधिकृत रूपमा पार्किङ गर्ने गाडी र सडकमा सामग्री राखी व्यापार गर्ने पसललाई नगरपालिकाको आर्थिक ऐन, २०७७ बमोजिम जरिवना गर्ने र सुरक्षा निकायबाट कार्यान्वयन गराउने जनाइएको छ ।

नगरपालिकाका प्रवक्ता हरिभक्त महर्जनले नगरपालिकाका बासिन्दाको स्वास्थ्यलाई ध्यानमा राखेर उक्त निर्णय गरेको जानकारी दिनुभयो । यस्तै, चन्द्रागिरिले जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेशअनुसार भदौ १५ गतेसम्मका लागि जात्रा महोत्सव,

बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# भोकमारीको विकल्प खोजौं

कोभिड १९ अर्थात कोरोनाको महामारी शुरु भएसँगै ओरालो लाग्न थालेको नेपालको अर्थतन्त्र संकटको भुमरीमा फस्दै गएको छ । शहरमा रहेका मजदुर, ज्यामी, सामान्य जीविकोपार्जन गर्न समेत धौ धौ को स्थितिमा पुगेका छन् ।

त्यसैगरी स-सना ब्यवसाय गदै आएका शहरका वा गाउँका मानिसहरुमा पनि आर्थिक अभाव बढ्दै गएको छ । राम्रै ब्यवसाय चलाएका ब्यवसायीहरुसमेत यतिवेला ब्यवसाय धारासायी हुदा अन्यौल र चिन्तित हुन थालेका छन् । धेरै भन्दा धेरै मजदुरले रोजगार गुमाएका छन् । रोजगार गुमेपछिको आर्थिक अभावका कारण थुप्रै मानिसहरुले खाद्यन्न अभाव ब्यहोदै आएका छन् । जसो तसो त ४ महिना धानेका मानिसहरुको लागि भने आउदो दिनहरु खाद्यन्न अभाव भएर भोकले खान नपाएर मानिसहरु मर्लान भन्ने चिन्ता बढ्दो छ ।

बिभिन्न अवसरको खोजिमा शहर पसेका मानिसहरु अहिले गाउँघरमा गएका छन् । जसको गाउँमा पनि जग्गा जमिन भएकाहरुले त गएको लकडाउन समयमा नै आफनो जमिन खनजोत गरेर केही मात्रमा भएपनि आम्दानीको स्रोत बनाएका छन् भने कतिपयको गाउँघरमा थोर थोरै जमिन भएको र गाउँमा पनि स्थाई बसोवास नहुदा घरहरु पुनः निर्माण गर्नुपर्ने अवस्था र अर्काको घरमा बसेर सहज अवस्था नभएकाहरुको लागि जिवन कष्टकर बन्दै गएको छ ।

त्यो भन्दा पनि समस्या धेरै परिवार हुने तर जग्गा जमिन थोरै हुनेहरुको लागि निक्कै अप्ठ्यारो स्थिति आइनै सकेको देखिन्छ । कोभिड १९ को संक्रमणकालीन अवस्थामा भोकमारीको पनि बिकल्प खोजिनुपर्छ । राहात सामग्री संकटको वेला क्षणिकका लागि मात्र हो । सधै मानिसहरुलाइ उत्पादनमुखी क्षेत्रमा प्रोत्साहन गरेर वा जुन पेशामा मानिस लाग्छन् त्यो पेशा सुरक्षित गर्ने गरी सरकारले प्याकेजमा बैकल्पिक कार्यक्रम ल्याउनुपर्छ । त्यसो गरियन भने मानिसहरु भोकमारीले मर्न सक्छन् ।

तिनमहिने लकडाउनमा पनि मजदुरहरु, ज्यामीहरु खानको अभावमा मृत्युवरण हुनु परेको घटनालाई पाठको रुपमा लिएर गाउँ समाज, स्थानीय सरकार, प्रदेश, संघले समयमा नै कार्यक्रम ल्याउनुपर्छ । यि बिकल्पहरु अपनाएर मानिसको बाच्न पाउने अधिकार सुरक्षित गर्नुपर्छ ।

हाल नेपालमा धेरै भन्दा धेरै मानिसहरु मानसिक रोगवाट ग्रसित छन् । अभाव तनाव जव मानिसहरुमा बढ्छ आत्महत्या जस्ता घटना घट्न सक्छन् त्यस्ता घट्न घट्न नदिन पनि बैकल्पिक कार्यक्रम ल्याउनुपर्छ अहिले मानिसहरुमा घुलमिल नहुने एकले अर्कोलाई परेको पीर, मर्का तत्कालै थाहा नहुने हुदा त्यस्ता ब्यक्तिहरुमा पर्ने समस्यालाई सम्वोधन हुने कार्यक्रम सरकारले नै ल्याउनुपर्छ किनकि यतिवेला यो संकटको सावधान सम्बन्धित निकायले नगरेमा अरुले त झनै गर्न सक्ने अवस्था छैन । तर जो जो सचेत नागरिकहरु छन् जो समाज, देशप्रति जतिखेर जहिले पनि उत्तरदायी हुन्छन् उनिहरुलाई आवाह्न गर्नुपर्छ र ति देशभक्त नागरिकहरुको सहयोग लिन कार्यक्रम सरकारले ल्याउनुपर्छ यो संकटको महामारीवाट पार पाउन सवै नेपालीहरु एक हुनुपर्छ । भोकमारीको समस्या पनि सवै मिलेर सावधान गर्नुपर्छ मरेर लानु केही छैन । एकले अर्कोलाई सहयोग गर्ने नेपालीहरुको बानी रहेको छ । त्यो बानीलाई कायम राखौं संकटको पार सवै मिलेर बिकल्प खोज्न सक्छौं ।

# श्रमिकहरू खोज्दैछन कहाँ छ सरकार ?

अभिषेक कोइराला

जब देशमा कोभिड १९ को कारण संकट आयो, तब नेपाली श्रमिकहरू आफनो थाकथलो फर्कन बाध्य भए किनकी लकडाउन एकदमै कडा थियो, भित्र बाहिर गर्न मानिसलाई गाऱ्हो थियो । कामकाज ठप्प थियो आर्थिक कारोबार पूर्णरूपमा बन्द हुदै गयो । हुने खानेहरूले अति आवश्यक खाद्यान्न, पेय पर्दाथ, औषधी लगायत दैनिक उपभोग्य बस्तुहरू प्रस्सत मात्रमा संचय गरेर दशैं जस्तै रमाइलो र मोज मस्तीमा जिवन विताईरहेको थिए । तर हुदा खाने अर्थात दैनिकी कमाएर जिविको पार्जन गर्नेहरूलाई भने अभिश्राप नै भएर देखा परेको काभिड १९ राज्यले राहात वितरण गर्ने नाउँमा विभिन्न बाहानामा नागरिकता र घरवेटीको सिफारीस खोज्दै आफनो जिम्मेवारीबाट पन्छियो सरकार ।

तर बिभिन्न समस्याको कारण काम गर्दै आएको आफनो क्षेत्र छाडेर, आफनो थाकथलो फर्कन बाध्य भएका श्रमिकहरूको यात्रा सहज थिएन । लामो दुरीको यात्रा तय गरी मध्य रातमा अस्थाई बसोबास छाड्दै बच्चा, बुढाबुढी आफनो भाडाकुडा र कुल्लो कटुरो बोकेर १२-१३ सयकिलो मिटरको यात्रा पार गर्दै गर्दा भोको पेट खाली खुट्टा आखाभरी आसु लिएर यात्रा गरि रहेको श्रमिकको पिडालाई देखेन सरकारले देशका प्रधानमन्त्री केपि ओली भन्छन् कोइ भोका रहँदैन, रोग र भोकले कोइ मर्नु पर्दैन, घरघरमा ग्यासको पाईप र फ्री ईन्टरनेट शिक्षाबाट कोहि बञ्चित हुन पर्दैन । सरकार साथमा छ भन्छन्न्, राज्य संचालकबाट यस्तो शब्द सुन्दै गर्दा न्युन आय भएका र दैनक श्रम गरेर जिविकोपार्जन गर्दै आएका हुँदा खाने श्रमिकले राज्यबाट केहि गर्ला भन्ने आशा गर्नेहरू भन्न लागे यो सत्ता संचालन गर्नेको सोचाई, बोलाई र गराईमा एक रूपता छैन यो कुरा बास्तविक थियो ।

प्रम ओली भन्छन खुसि नेपाली समृद्ध नेपाल हाम्रो बाई लाइन हो तर आज उनको खुसि नेपाली समृद्ध नेपाल भनेको लकडाउन भएको ५ महिना बित्दा पनि आफनै भित्री खिचातानीमा अल्झिएर यो महासंकट बिपत्तिको बेवास्था गरी रहनु जनजिविकाको सवालमा मौन बस्नु नै खुशी नेपाली समृद्ध नेपालको आदर्श हो ? त्यहि आफनो सर्मथक नेताहरूलाई कुर्शिसम्म पुऱ्याउने, जागीर दिने, नातावाद र कृपावादको विकाश गर्नु पो रहेछ । उदारणको लागि विभिन्न मन्त्री हेरफेर गर्नुभयो कारण सबैलाई सत्ताको स्वाद चखाउनु थियो तेतिमात्र होइन कुर्सी वलियो पार्नु थियो । उनी भन्छन म भ्रष्टचार गर्दिन अरूलाई पनि भ्रष्टचार गर्न दिन्न यसो भन्दै गर्दा ३० किलो सुन काण्ड, ह्वाइट बढी जहाज काण्ड, केपिको



प्रिय पात्र गोकुल बासकोटा अडियो प्रकरण, स्वास्थ्य सामाग्री खरिद प्रकरण, एनसिएल कर प्रकरण र हालै ट्रान्सपरेन्सी ईन्टरनेश्नल र महालेखाले हालै सार्वजनिक गरेको तथ्यांक लगायतका कुराहरूबाट प्रष्ट हुन्छ कि यो त एउटा जादुगरले मुरलीको धुनमा बादर नचाए जस्तै हो । नेपाली जनता सोझा, सिधा छन गफमा भुल्याउन सकिन्छ भन्ने उनको कमजोर सोचाई भोलिको निम्ति उनी आफैलाई अभिश्राप बन्ला कि भन्ने कुरामा किन ध्यान नगएको होला त ।

नेपाली जनताले बहुमत दिएर सत्ता सुम्पिएको उनको आजीवनको लागि होइन मात्र ५ वर्षको लागि हो र सत्ता उनको पैतृक सम्पती पनि होइन २४० बर्ष राज्य गरेको राज संस्था जनताले नै फालेका हुन् स्मरण रहोस प्रधानमन्त्री ज्यू । श्रमिकहरूका गास, बास, स्वस्थ्य शिक्षा, रोजगार जस्ता आधारभूत हक अधिकारबाट किन जन्ता बन्चीत भइ रहेका छन् यो सरकार रोजगारीको ग्यान्टी गर्न सक्दैन । तागत कुर्शीमा होइन जनतामा छ भन्ने कुरा प्रष्ट हुनुपर्छ किनकी २००६ साल, २०४७ साल २०६२/६३ को जनआन्दोनले प्रष्ट हुन्छ कि जनताको तागत कति छ भन्ने प्र.म.ज्यू । अब मुख्य विषय तिर प्रवेश गरौं

कोभिड १९ को कारण कष्टकर जिवन विताई रहेका श्रमिकहरूलाई कलकारखानाका मालिक, होटल मालिकले क्रमश बहुसंख्या श्रमिकहरूलाई जागिरबाट निकालि रहेका छन् । ठूलो संख्यामा बिदेशमा अलपत्र पर्नेहरू पनि धेरै नै छन् तर राज्य श्रममन्त्रालय मुख दर्शक बनिरहेको छ । नेपालको कानून अनुसार २४० दिन काम गरि सकेका श्रमिकले स्थाई नियुक्ति पाउने र उनीहरूलाई कामबाट अवकाश गर्दा विभिन्न नियमहरू सम्बन्धीत निकायले पालना गर्नुपर्ने हुन्छ तर यहाँ त तेस्तो हुँदैन किनकी यहाँ राज्य संयन्त्र कमजोर छ ।

यहाँ हुँदा खाने को होइन हुनेखानेको पक्षारोपण गर्दैछ सरकार । हिजो सत्ता सिडीसम्म पुग्नको लागि गरेको भाषण घोषणा गरेका प्रतिवद्धता र गरिब मजदुर, किसान हुँदा खाने नेपाली जनताहरूलाई दिएको आश्वासनलाई लत्याउदै अघि बढिरहेको छ हामी र हाम्रो संगठन (पिकोण्ट) यि यस्ता गलत नीति अवलम्बन गर्न, मनोबलमा आच आउने श्रमिकको सपनामाथि कुठराघात गर्ने, नेपाली जनतालाई धोका दिनेहरूलाई नेपाली श्रमिक, जनताले सडकमा ल्याएर दण्डीत गर्नेछन् ।

नेपाली जनतालाई झुटा आश्वासन दिने नेपाली जनताको अभिमतलाई अपहेलना गर्नेहरू माथि धावा बोल्न हामी तयार छौं यदि अझै पनि नेपाली श्रमिकलाई अपहेलना गर्ने र ब्यवस्थापनमा मुख दर्शक बनेर बस्ने हो भने यो सरकारले ठूलो मूल्य चुकाउनु पर्छ भन्ने कुरा अवगत गराउछौं र श्रमिकको पक्षमा काम हुने गरी रोजगारी गुमाएका र यो कोभिड १९ को महामारीबाट प्रत्यक्ष मारमा परेका श्रमिकको पक्षमा हुने गरी हामी भन्छौं १ खर्बको श्रमिक राहात कोष खडा गरि श्रमिकका समस्याको सम्बोधन गरियोस । छुट्टै श्रमिक आयोग गठन गरियोस र श्रमिकका जल्दाबल्दा समस्याको सम्बोधन गरियोस र श्रम अदालत आई चुस्तदुरूस्त कसैको रबाव र दबावमा नपरी निपक्ष रूपमा पिडीत मजदुरको पक्षमा काम गर्ने वातावरण वनाउनु पर्दछ, रोजगारदाताले आर्थिक गतिविधि, नाफा नोक्सानको बिवरण मजदुहरूलाई उपलब्ध गराउनु पर्दछ र सरकार जनताको साथमा छ भन्ने प्रत्याभुति गराउन सक्नु पऱ्यो । प्रधानमन्त्री ज्यू आज जनता बत्ति बालेर खोज्दै छन्, सरकार कहाँ छ ?

सरकारलाई जनताको जनजिविकाको सवालमा ध्यान केन्द्रीत हुनुपऱ्यो, श्रमिकको छातिमा टेकेर सत्तामा पुग्नेहरूले हिजो मजदुरको अधिकारको निम्ति गरेको प्रतिबद्धता र आश्वासनलाई ध्यान दिनु पऱ्यो नत्र नेपाली श्रमिक जो विभिन्न देशमा र स्वदेशमा रहेका श्रमिकहरूले तपाईहरू सित झुटको खेति गरेर पाएको सत्ताको मूल्य चुकाउन बाध्य गराउने नै छन् ।

बिदेशमा अलपत्र परेको मजदुरको उद्धार र ब्यवस्थापनमा पनि ध्यान दिनु पऱ्यो, बिदेशी मुलुकबाट पठाएको रेमिटेन्सबाट नै तपाईहरूका सबै आवश्यकता पूरा र देश बिकाशमा सहयोग पुगेको कुरालाई नर्बिबसिनु होला नेपाली श्रमिकको रगत र पसिनाको सम्मानबाट मात्र खुशी नेपाली समृद्ध नेपालको परिकल्पना र परिवर्तन गर्न सकिन्छ नत्र त बालुवामा पानी सरह मात्र हुनेछ प्रधानमन्त्री केपि ओलि ज्यू ।

लेखक प्रगतिशिल नेपाल स्वतन्त्र ट्रेड यूनियन महासंघका केन्द्रीय महासचिव अभिषेक कोइराला हुन् ।

# काभ्रेका ६ नगरपालिकामा उच्च सतर्कता

बनेपा । : जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले जिल्लाका छ वटा नगरपालिकाका बजार क्षेत्रमा भेला, जमघट र भीडभाड गर्न रोक लगाएसँगै ती नगरपालिकाले आफ्नो नगर क्षेत्रमा उच्च सतर्कता अपनाएका छन् । जिप्रकाले शुक्रबार सूचना जारी गर्दै कोरोना भाइरसको सङ्क्रमण जिल्लामा समेत बढ्दै गइरहेको सन्दर्भमा मानिसको जमघट, भेला भीडभाडबाट उक्त रोगको सङ्क्रमण फैलिन सक्ने भएकाले धुलिखेल, बनेपा, पनौती, पाँचखाल, नमोबुद्ध र मण्डनदेउपुर नगरपालिका लगायतका बजार क्षेत्रमा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल भेलाजस्ता काम नगर्न/नगराउन सबैमा अनुरोध गरेसँगै नगपालिकाहरूले सूचना जारी गर्दैं सतर्कता अपनाउन आम नगरवासीमा आग्रह गरेका हुन् ।

यसैबीच बनेपा नगरपालिकाले शुक्रबार सूचना जारी गर्दै शनिबारबाट अत्यावश्यकबाहेकका अन्य सबै सेवा बन्द गर्ने जनाएको छ । पछिल्लो समयमा कोभिड-१९ सङ्क्रमणको क्रम बढ्दै गइरहेको भन्दै शनिबारबाट अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक बाहेक सबै प्रकारका पेशा व्यवसाय पूर्ण४रूपमा बन्द गर्न निर्देशन दिएको छ । त्यससँगै अत्यावश्यक बाहेक घर बाहिर ननिस्कन र निस्कँदा विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारबाट जारी भएका न्यूनतम स्वास्थ्य मापदण्डको पूर्णरूपमा परिपालन गर्नसमेत नगरपालिकाले नगरवासीमा अनुरोध गरेको छ । पनौती नगर पालिकाले पनि अत्यावश्यक काम बाहेक बाहिर हिँडडुल नगर्न आग्रह गरेको छ । सङ्क्रमण फैलन सक्ने अवस्थालाई ध्यानमा राख्दै नगरपालिकाले अर्को सूचना नभएसम्मका लागि नगरपालिका र वडा कार्यालयबाट दैनिकरूपमा प्रवाह हुने अत्यावश्यकबाहेकका सेवा बन्द गरेको नगरप्रमुख भीम न्यौपानेले बताउनुभयो ।

मण्डनदेउपुर नगरपालिकाले पनि अत्यावश्यक सामग्रीबाहेकका अन्य सेवा सञ्चालन गर्न रोक लगाएको छ । सूचना जारी गर्दै नगरपालिकाका अधिकृत मनोज अधिकारीले अत्यावश्यक वस्तु दूध, फलफूल, तरकारी, औषधि, इन्धन, पानीजस्ता सामग्री खरिदका लागि प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्मका लागि मात्र सञ्चालन गर्न आग्रह गरेको छ । त्यस्तै दूध सङ्कलन गर्ने सङ्कलकलाई किसानको पालो तोकेर प्रत्येक दिन बिहान ६ देखि ८ बजेसम्म मात्र भौतिक दूरी कायम गरी सङ्कलन गर्न आग्रह गरेको छ । जिल्लाको नमोबुद्ध नगरपालिकामा शुक्रबार पहिलोपटक तीन जनामा कोरोना सङ्क्रमण पुष्टि भएपछि नगरपालिकाले सूचना जारी गर्दै अत्यावश्यकबाहेक कसैलाई पनि घर बाहिर ननिस्कन र निस्कनै परे स्वास्थ्य सजगता अपनाउन आग्रह गरेको छ । सङ्क्रमण पुष्टि भएका तीन जना दुबईबाट आएर नगरपालिकाको क्वारेन्टिनमा बस्दै आएको र समुदायमा घुलमिल नभएका कारण आतङ्कित नहुन नगरप्रमुख टङ्कप्रसाद तिमल्सिनाले सबैमा अनुरोध गर्नुभएको छ । त्यसैगरी पाँचखाल नगरपालिकाले नगर क्षेत्रमा सङ्क्रमण फैलिन सक्ने अवस्थालाई ध्यानमा राखेर नगरपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवा आजबाट आगामी भदौ ६ गतेसम्मका लागि अत्यावश्यक सेवाबाहेकका अन्य सबै सेवा बन्द गरेको जनाएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकबहादुर भण्डारीले शुक्रबार सूचना जारी गर्दै अत्यावश्यक सेवा स्वास्थ्य,

बाँकी ८ पृष्ठमा

# एनआईसी एशिया र स्वदेशी लघुवित्त वित्तीयबीच मर्जर समझदारीपत्रमा हस्ताक्षर

कर्णाली प्रदेशको विकट जिल्ला जाजरकोटमा रजिष्टर्ड कार्यालय भई काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा कर्पोरेट कार्यालय रहेको एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र प्रदेश १ स्थित सुनसरी जिल्लाको इटहरीमा र




जिष्टर्ड कार्यालय रहेको स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडकाबीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी समझदारीपत्रमा एक समारोहका बीच हस्ताक्षर सम्पन्न भएको छ । मर्जर हुने यी दुवै संस्थाहरु नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरका संस्थाहरु हुन ।

गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धी उक्त समझदारीपत्रमा एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट संस्थाका अध्यक्ष श्री कपिल ढकालज्यू र स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट संस्थाका अध्यक्ष श्री लालमणी जोशीले हस्ताक्षर गर्नु भएको छ । एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको कर्णाली प्रदेश लगायत मुलुकका विकट पहाडी तथा हिमाली जिल्लाहरुमा समेत गरी कूल १२० शाखा संचालनमा रहेको छ भने स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडको नेपाल भरि ८५ शाखा संचालनमा रहेका छन् । मर्जर पश्चात कुल शाखा संख्या २०५ शाखा हुनेछ । गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरी मर्जर पश्चात् एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०७७ साल पौष महिनाको पहिलो हप्ता भित्रमा एकीकृत रुपमा कारोवार संचालन हुने गरी कार्ययोजना (एक्सन प्लान) सहित देशकै सबै भन्दा ठूलो शाखा संजाल र चुक्ता पूँजी भएको एक सबल सक्षम एवं विश्वसनीय लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुनेछ ।

# सिद्धार्थ बैंकद्वारा कोरोना भाइर उपचार कोषलाई सहयोग

सिद्धार्थ बैंक लिमिटेडले कोरोना भाइरसविरुद्धको उपचाका लागि दुई करोड सतसट्ठी लाख सत्ताइस हजार नौ सय उनन्तिस रुपैयाँ सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअर्न्तगत उक्त रकम सरकारले स्थापना गरेको कोषलाई हस्तान्तरण गरेको हो । उक्त रकमबराबरको चेक अर्थमन्त्री

Siddhartha Bank

डा युवराज खतिवडालाई बैंकका अध्यक्ष मनोज कुमार केडियाले हस्तान्तरण गरेका थिए । उक्त अवसरमा अर्थमन्त्री डा. खतिवडाले बैंकलाई धन्यवाद ज्ञापन गर्दै बैंकको तर्फबाट प्रदान गरिएको यो सहयोग नै हालको परिस्थितिमा संस्थागत सामाजिक उत्तरदायित्वको राम्रो उदाहरण भएको बताउए । उनले बैंकबाट प्राप्त रकमको सरकारले कोरोना रोकथाम एवं नियन्त्रणको काममा नै सदुपयोग गर्ने बताए । यस अघि पनि बैंकले प्रदेश सरकार तथा विभिन्न स्थनीय तहलाई गरी छयहत्तर लाख भन्दा बढी रकम सहयोग गरिसकेको छ ।

# स्ट्यान्डर्ड चार्टर्ड बैंकको नाफामा गिरावट

काठमाडौं । स्ट्यान्डर्ड चार्टर्ड बैंकको नाफामा गिरावट आएको छ । नाफा अघिल्लो वर्षको भन्दा १८.५१ प्रतशतले कम हो । बैंकको गत आर्थिक वर्षको चौथो त्रैमासमा १ अर्ब ९८ करोड रुपैयाँ खुद नाफा रहेको छ । अघिल्लो वर्ष बैंकले २ अर्ब ४३ करोड रुपैयाँ नाफा कमाएको थियो । बैंकले सार्वजनिक गरेको अन्तिम वित्तीय विरणअनुसार बैंकको सञ्चालन नाफा २ अर्ब ८४ करोड भन्दा माथि छ अघिल्लो वर्ष बैंकले यस्तो नाफा ३ अर्ब ४७ करोड माथि रहेको थियो । बैंकको खुद ब्याज आम्दानी ३ अर्ब ५१ करोडमा सिमित भएको छ । यो अघिल्लो वर्षको तुलनामा ०.२ प्रतिशतले कम हो । बैंकको वितरयोग्य नाफा १ अर्ब ५१ करोड रहेको छ । जुन अघिल्ले वर्षको तुलनामा १५.९० प्रतिशतले कम हो । अघिल्लो वर्ष यस्तो नाफा १ अर्ब ८० करोड रहेको थियो । चौथो त्रैमाससम्म आइपुग्दा बैंकको प्रतिसेयर आम्दानी २४ रुपैयाँ ७६ पैसामा सीमित भएको छ । यसको प्रतिसेयर नेटवर्थ १८५ रुपैयाँ ५० पैसा रहेको छ ।

# कोरोना कोषमा सनराइज बैंकको सहयोग

सनराइज बैंक लिमिटेडले कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारलाई ७९ लाख ४४ हजार ४ सय ७६ रुपैयाँ बराबरको रकम सहयोग गरेको छ । सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम,

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

नियन्त्रण तथा उपचार कोषमा बैंकले सामाजिक उत्तरदायित्व र्न्तगत उक्त रकम हस्तान्तरण गरेको जनाएको छ । उक्त रकम बैंकका सञ्चालक समितिका सदस्य शारदा शर्मा पुडासैनीले अर्थमन्त्री डा.युवराज खतिवडालाई हस्तान्तरण गरिन् । सोही समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्याल र नायव महाप्रबन्धक आरती राज्यलक्ष्मी राणाको पनि उपस्थिति रहेको बैंकले जनाएको छ ।

# नबिल बैंकले सेयर धनीलाई वितरण गर्न सक्ने रकम ३ अर्ब ४ करोड

नबिल बैंकले गत आर्थिक वर्षको नाफाबाट सेयर धनीलाई वितरण गर्न सक्ने रकम ३ अर्ब ४ करोड रुपैयाँ रहेको छ । बैको अपरिष्कृत वित्तीय विवरणअनुसार नबिल बैंकले गत आर्थिक वर्षमा ३ अर्ब ५६ करोड रुपैयाँ खुद नाफा गरेको छ । यो नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा १५.८५ प्रतिशतले थोरै हो । घिल्लो आवमा बैंकले ४ अर्ब २३ करोड रुपैयाँ खुद नाफा गरेको थियो । गत आवमा बैंकले १९० अर्ब निक्षेप संकल गरी १४८ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेको छ । यो अवधिमा बैंकको खुद ब्याज आम्दानी ७ अर्ब २ करोड रुपैयाँ छ । यो अवधिमा बैंकको ब्याज आम्दानी समान्य घटेको भएपनि जोखिम

NABIL BANK®

व्यवस्था बापतको रकम धेरै छुट्याउन पर्दा नाफा घटेको हो । गत आवमा बैंकले जोखिम व्यवस्थाका लागि ७४ करोड ४५ लाख रुपैयाँ व्यवस्था गरेको छ । तर, कोरोना कहरकाबीच सोचेभन्दा थोरैमात्र आम्दानीमा असर परेको वित्तीय विवरणले देखाउँछ । गत आवमा बैंकको चुक्ता पुँजी १० अर्ब ९ करोड रुपैयाँ रहेको छ । सो अवधिमा बैंकको सञ्चित कोष १२ अर्ब ६६ करोड रुपैयाँ रहेको छ । गत आवमा बैंकको कर्मचारी खर्च ११ प्रतिशतले बढेर २ अर्ब १६ रुपैयाँ पुगेको छ । गत आवमा बैंकको औसत कष्ट अफ डिपोजिट ५.४९ प्रतिशत रहेको छ भने अधार दर ७.३२ प्रतिशत छ । गत आवमा बैंकको पुँजी पर्याप्तता अनुपात १२.८१ रहेको छ । बैंकको वार्षिक प्रति सेयर आम्दानी ३५.३२ रुपैयाँ रहेको छ । अघिल्लो आवमा बैंकको प्रतिसेयर आम्दानी ४७.०४ रुपैयाँ रहेको थियो । बैंकको मूल्य आम्दानी अनुपात २१.६६ गुणा छ । प्रतिसेयर मूल्य आम्दानी अनुपात वार्षिक रुपमा गणना गरिन्छ । नेपालको सन्दर्भमा मूल्य आम्दानी अनुपात १५ देखि २५ लाई सामान्य मानिन्छ । १५ देखि २५ को बीचमा मूल्य आम्दानी अनुपात भएका कम्पनीको सेयरमा लगानी गर्दा जोखिम कम हुने बुझिन्छ । गत आवमा बैंकको प्रतिसेयर किताबी मूल्य २५५.५२ रुपैयाँ रहेको छ । प्रतिसेयर किताबी मूल्यले हालको संस्था दामासाहीमा गएको खण्डमा लगानीकर्ताले पाउन सक्ने रकमलाई जनाउँछ । यस्तै, गत आर्थिक वर्ष २०७६/०७७ मा नबिल बैंकको नाफा घट्दा त्यसको प्रत्यक्ष असर प्रतिसेयर आम्दानीमा देखिएको छ । बैंकको खुद नाफा १५ प्रतिशतले घट्दा प्रतिसेयर आम्दानी २५ प्रतिशतले घटेको हो । कोरोना भाइरसका कारण अस्त व्यस्त भएको अर्थतन्त्रलाई चलायमान बनाउन बैंकिङ क्षेत्रको माध्यमलाई लिंदा बैंकहरुको नाफा घटेको छ । जसका कारण लगानीकर्ताले पाउने प्रतिफलमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । बैंकहरुले ब्याजदरमा छुट दिने तथा कर्जाको असुलीमा समयअवधि थप गरेका कारण नाफा प्रभावित भएको छ ।

# ग्लोबल आइएमईमा फेरि भित्रिए रत्नराज बज्राचार्य

ग्लोबल आइएमई बैंकको प्रमुख कार्यकारी अधिकृतमा रत्नराज बज्राचार्य नियुक्त भएका छन् । बैंकले चार वर्षका लागि बज्राचार्यलाई नियुक्त गरेको हो ।

भदौ १ देखि लागू हुने गरी प्रमुख कार्यकारी अधिकृतमा बज्राचार्यलाई नियुक्त गरेको बैंक अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए । बज्राचार्य दोस्रो पटक ग्लोबल बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएका हुन् । पहिलो पटक ग्लोबल बैंकको नेतृत्व सम्हाल्दा पूरा कार्यकाल विताएका थिए । यसअघि

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

सनराइज बैंक, एनसिसी बैंकमा पनि सिइओ भइसकेका छन् । बज्राचार्य चार्टर्ड एकाउन्टेन्ट पनि हुन् । ग्लोबल आइएमई बैंक लिमिटेडले कोरोना भाइरसको बढ्दो संक्रमणलाई मध्यनजर गर्दै आफ्ना सम्पूर्ण कर्मचारीहरुको कोरोना बिमा गराएको जनाएको छ । बैंकले यस विषम र प्रतिकुल अवस्था पनि आफ्ना ग्राहकलाई सेवा दिनका लागि खटिरहेका कर्मचारीको सुरक्षालाई प्राथमिकतामा राख बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीको कोभिड–१९ बिमा गराएको जनायो । बैंकले हरेक कर्मचारीको १ लाख रुपैयाँ बराबरको बिमा गराएको छ । बिमामा उल्लेख भएको सम्झौताअनुसार बैंकको कर्मचारीमा कोरोना संक्रमण भई पीसीआर परीक्षणमा कोभिड–१९ पोजेटिभ देखिएको अवस्थामा बिमा दावी रकम भुक्तानी हुने व्यवस्था मिलाएको छ । यो कोरोना बिमाबाट बैंकमा कार्यरत कर्मचारीहरुको मनोबल बढ्नुका साथै कर्मचारीलाई आर्थिक राहत समेत मिल्ने बैंकले विश्वास लिएको जनाएको छ ।

## बैकिङ्ग संसार

# बैंकको नाफा १४ प्रतिशत घट्यो

अर्थतन्त्रमा कोरोनाको प्रभावका कारण गत आर्थिक वर्ष २०७६/७७ मा बैंकहरुको खुद नाफा १४ प्रतिशतले घटेको छ । गत आवमा बैंकहरूले ५४ अर्ब ३१ करोड रुपैयाँ खुद नाफा गरेका छन् । यो नाफा अघिल्लो आवको तुलनामा १३.७९ प्रतिशतले थोरै हो । अघिल्लो आर्थिक वर्षमा बैंकहरूले ६३ अर्ब रुपैयाँ खुद नाफा गरेका थिए । अघिल्लो आवमा अधिकांश बैंकहरूले नाफा बढाएका थिए । तर, गत आर्थिक वर्षमा कोरोना भाइरसको महामारीका कारण आर्थिक गतिविधिमा आएको सुस्तताको सिकार बन्न प( यो । सरकारले अर्थतन्त्रका लागि प्याकेज नल्याई बैंकिङ क्षेत्रमार्फत सहुलियत दिने नीति लियो । सोहीअनुसार ब्याजदरमा छुट तथा कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचना गर्नुपर्दा बैंकहरूको नाफा घटेको हो ।

गत आर्थिक वर्षमा सञ्चालनमा रहेका २७ वाणिज्य बैंकमध्ये पाँचको भने नाफा बढेको छ । बाँकी २२ वाणिज्य बैंकको नाफा घटेको छ । गत आवमा नाफा बढाउने बैंकहरूमा एनआइसी एसिया, प्राइम कमर्सियल बैंक, एनएमबी बैंक, एनसीसी बैंक र सेञ्चुरी कमर्सियल बैंक रहेका छन् ।

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रण गर्न नेपाल सरकारले गत चैत ११ गते देखि जेठ अन्तिमसम्म लकडाउन गरेको थियो । यो अवधिमा बैंकिङ क्षेत्रलाई अत्यावश्यक क्षेत्रको रूपमा राखेर सेवालाई निरन्तरता दिइएको थियो। बैंकहरूले प्रभावित ऋणीलाई ब्याजमा छुट तथा कर्जाको समय अवधि बढाइदिएको हुनाले कर्जा असुलीमा कमी आएको हो । लकडाउनका कारण परिपक्व भएको कर्जा तथा ब्याज रिकभरी गर्न नसक्दा त्यसको असर नाफामा परेको हो । तर, अन्य आर्थिक गतिविधि भने ठप्प नै रहेको अवस्थामा पनि बैंकहरूले सेवा प्रदान गरेपनि आम्दानीमा जोड दिने अवस्था रहेन । बैंकहरूले वैशाखदेखि निक्षेपमा दिने ब्याजदर घटाएका थिए भने कर्जाको ब्याजदर जेठ महिनादेखि मात्र घटाउने अनौपचारिक सहमति समेत गरेको हुनाले नाफा घटेको हो । राष्ट्र बैंकले बैंकहरूलाई ऋण असुलिनमा लचिलो नीति अबलम्बन गर्न निर्देशन दिएको छ । त्यसले गर्दा बैंकहरूले ऋणीलाइ दबाब दिएर कर्जा असुली गरेका छैनन् । बैंकहरूले आगामी असोजसम्ममा उठाएको ब्याज तथा शावालाई असारसम्मको मान्न सकिने व्यवस्था पनि गरेको छ । गत आर्थिक वर्षसम्ममा बैंकहरूले ३३ खर्ब ७४ अर्ब रुपैयाँ निक्षेप संकलन गरी २८ खर्ब ८८ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् । गत आवमा बैंकहरूले यो निक्षेप तथा कर्जा परिचालनबाट १२८ अर्ब ७५ करोड खुद ब्याज आम्दानी गरेका छन् । अघिल्लो आवको तुलनामा बैंकहरूको ब्याज आम्दानी न्यून वृद्धि, प्रोभिजनिङमा र सञ्चालन खर्च बढेपछि नाफा घटेको हो । गत आवमा २७ वाणिज्य बैंकको कुल वितरणयोग्य नाफा ३० अर्ब ८८ करोड रुपैयाँ रहेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा यो नाफा ३७.१८ प्रतिशतले थोरै हो । अघिल्लो आवमा बैंकहरूको कुल वितरणयोग्य नाफा ४९ अर्ब १६ करोड रुपैयाँ थियो । गत आवमा सबैभन्दा धेरै नाफा गर्नेमा राष्ट्रिय वाणिज्य बैंक रहेको छ । बैंकले ४ अर्ब ४५ करोड रुपैयाँ खुद नाफा गरेको छ । सो अवधिमा सबैभन्दा थोरै नाफा गर्नेमा सिभिल बैंक रहेको छ । सिभिल बैंकले गत आवमा ४५ करोड ७० लाख रुपैयाँ खुद नाफा गरेको छ ।

# कामना सेवा र डा.सन्चो क्लिनिकबीच सम्झौता

कामना सेवा विकास बैंक लिमिटेड र डा. सन्चो क्लिनिक प्रालिबीचस्वास्थ्य सम्बन्धी परामर्श लिने दिने सम्बन्धी सम्झौता भएको छ । कोरोना भाइरसको महामारी फैलिरहेको यस विषम परिस्थितिको सामना गर्दै निरन्तर सेवामा खटिरहेका कर्मचारीको स्वास्थ्य र सुरक्षालाई मध्यनजर गरी उक्त सम्झौता गरेको बैंकले जनाएको छ । सम्झौतासँगै कर्मचारीको सेवामा थप उत्साहित भई उच्च मनोबलका साथ काम गर्ने हौसला प्रदान गर्नको लागि यो सम्झौता

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले बताए । अब कर्मचारीहरुमा स्वास्थ्य सम्बन्धी कुनै समस्या वा कुनै मनोवैज्ञानिक समस्या आएमा सिधै डा. सन्चो क्लिनिकसँग परामर्श गर्न सक्ने भन्दै बैंकले यस अगाडि नै आफ्ना कर्मचारीहरुको लागि कोरोना बिमा समेत गरी सकेको जनाएको छ ।

# माछापुच्छ्रे बैंकले ल्यायो नेपालमै पहिलोपटक We Chat Wallet को भुक्तानी सेवा

काठमाडौं । माछापुच्छ्रे बैंकले नेपालमा नै पहिलो पटक We chat वालेटको भुक्तानी सेवा भित्र्याएको छ । नयाँ प्रविधिहरु भित्र्याउने क्रममा माछापुच्छ्रेबैंकले नेपालमा आउने चिनिया पर्यटकहरुलाई लक्षित गर्दै We chat वालेटबाट हुने भुक्तानी स्वीकार गर्न यो सेवा शुभारम्भ गरेको हो । उक्त सम्झौता पश्चात नेपाल आउने पर्यटकहरुले माछापुच्छ्रे बैंक लि.संग

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

आबद्ध मर्चेन्टहरुबाट वस्तु तथा सेवा खरीद गरे वापत भुक्तानी गर्नुपर्ने रकम क्युआर कोड स्क्यानगरि We chat wallet बाट भुक्तानी गर्न सक्नेछन् । माछापुच्छ्रे बैंकले First Pay Technology Pvt.Ltd. संगको सहकार्यमा उक्त We chat wallet संचालनमा ल्याएको हो । स्थापनाकालदेखि नै नयाँ नयाँ प्रविधिमा आधारित सेवा सुविधा ग्राहकमाझ ल्याउन कटिबद्ध रहेको माछापुच्छ्रे बैंकले पुर्व देखि पश्चिम साथै हिमाल देखि पहाड, र तराईसम्म आफ्ना १५९ वटा शाखाहरु, १३४ शाखा रहित बैंकिङ्ग सेवा समेत गरी जम्मा २९३ स्थानमा रहेका सेवा सञ्जाल तथा १९८ वटा एटीएमहरु तथा १ हजार भन्दा बढी पिओएस (POS Machine) मार्फत बाट ग्राहकहरुलाई अत्याधुनिक प्रविधि सहित सम्पूर्ण बैंकिङ सुविधा प्रदान गरिरहेको छ ।

# पुरुषलाई प्रेम माग्ने मात्रै अधिकार छ, खोस्ने होइन



इन्दिरा पन्त

१२ वर्षकी एक बालिका जहाजमा आफ्नो सिट छाडेर म नजिक बस्न आइन् । 'मेरो सिटमा एकजना अंकल पर्नुभएको छ, तर मलाई केटा मान्छे पटक्कै मन पर्दैन, त्यसैले म हजुर संगै बस्छु है !' उनले भनिन् ।

गत साउन ८ मा काठमाडौंको सीतापाइलामा २२ वर्षीया पवित्रा कार्कीमाथि एसिड आक्रमण भयो। अस्पतालमा उनलाई भेट्न मुस्कान खातुन पुगेकी थिइन् । वीरगञ्जकी १५ वर्षीया मुस्कानलाई २०७६ मा स्कुल जाँदै गर्दा एसिड छ्यापिएको थियो । त्यसअघि २०७६ कै जेठमा राजधानीको कालोपुलमा श्रीमानले श्रीमतीमाथि एसिड आक्रमण गरेका थिए । ०७१ सालमा काठमाडौंकै न्युरोडमा संगीता मगर र सीमा बस्नेतमाथि एसिड आक्रमण भएको थियो ।

किशोरी, महिलाहरुमाथि यो जघन्य ज्यादती किन हुन्छ र यस्ता घटनालाई कसरी रोक्ने भन्ने विषयमा पारिवारिक, सामाजिक र नीतिनिमार्ण तहमा गम्भीर विमर्श आवश्यक देखिएको छ ।

वर्तमान समाजको सौन्दर्यशास्त्रले महिलाको रुपलाई सौन्दर्य शक्ति मान्छ। अर्थात् कुनै महिलालाई कुरुप बनाइयो भने ऊ कमजोर हुन्छे भन्ने आपराधिक मनोविज्ञानबाट निर्देशित भएर एसिड छ्याप्ने घटना हुने गरेका छन् । यस्ता घटनाको केन्द्रमा छ । यौनमाथिको नियन्त्रण। महिलाको सौन्दर्य ध्वस्त पारेर उसको यौनिक स्वतन्त्रता समाप्त गरिदिने सोचले पुरुषहरुले एसिड आक्रमण गर्ने गर्छन् ।

प्रेम अस्वीकार गर्नेलाई एसिडले विरुप बनाउने पुरुष मानसिकता एक ठाउँमा होइन, सयौं ठाउँमा प्रकट भएको छ । तसर्थ यो विकृत मनोविज्ञान मात्र होइन, सामाजिक अपराधकै रुपमा स्थापित हुँदै गएको छ। मानिसमा पैदा हुने हिंसात्मक व्यवहारका अभिव्यक्ति र यसका कारणहरु सामाजिक, सांस्कृतिक, आर्थिक र मनोवैज्ञानिक अनुसन्धानका विषय पनि हुन् ।

गत वर्ष झापाबाट विमानमा काठमाडौं आउँदै थिएँ। १२ वर्षकी एक बालिका आफ्नो सिट छाडेर म नजिक बस्न आइन्। उनको सिटमा एक पुरुष थिए ।

'मेरो सिटमा एकजना अंकल पर्नुभएको छ, तर मलाई केटा मान्छे पटक्कै मन पर्दैन, त्यसैले म हजुर संगै बस्छु है !' उनले भनिन् ।

मैले उनलाई सोधेँ, 'तिमीलाई अंकलहरु किन मन पर्दैन नानु ?'

'मलाई अंकलहरु मात्र होइन, मेरो बाबा पनि मन पर्दैन,' उनको जवाफ थियो । निर्मला पन्तको बलात्कारपछि हत्याको घटनाबारे उनले समाचार सुनिरहेकी रहिछन्। त्यसैले उनलाई कोही पुरुषप्रति पनि विश्वास थिएन। हरेक दिन विभिन्न प्रकृतिका महिला हिंसाका घटना सार्वजनिक हुन्छन् । कहिले बलत्कार, हत्या त कहिले एसिड आक्रमण। आफ्नै बाबुबाट छोरीहरु यौन हिंसाको सिकार भइरहेका छन्। यस्ता घटनाले नातासम्बन्धमाथिको विश्वास टुट्दै गएको छ र सामाजिक सम्बन्धमाथि नै प्रश्न उठ्दै गएको छ । किन पुरुषहरु आक्रामक हुन्छन्? शारीरिक आक्रामकता, मनोवैज्ञानिक आक्रामकता, जबर्जस्ती यौन, पीछा, नियन्त्रण आदिमा पुरुषहरु किन अग्रसर हुन्छन ?

वास्तवमा समाजमा जरो गाडेर बसेको लैङ्गिक असमानता र विभेदले लैङ्गिक हिंसा सिर्जना गरेको हो। महिलाको सार्वजनिक र निजी जीवनमा हुने शारीरिक, यौनिक, मनोवैज्ञानिक वा आर्थिक क्षति मानवअधिकार उल्लघंनको विषय हो, र यो सबै समाजमा विद्यमान छ। युरोपेली संघमै प्रत्येक १५ वर्षमाथिका तीन महिलामध्ये एक जनाले कुनै न कुनै समयमा लैंगिक हिंसा बेहोर्नुपरेको तथ्यांकले देखाउँछ। अन्य स्थानमा त्यो अझ बढी छ ।

पुरुष महिलाप्रति आक्रामक बन्नुमा धेरै हदसम्म सामाजिकीकरण जिम्मेवार छ। मलाई लाग्छ, बाल्यकालदेखि नै समाजले पुरुषलाई निर्दयी बन्न सिकाउँछ। स्वार्थी र कठोर बनाउँछ। लोग्ने मान्छे भएर रुन हुन्न भन्ने समाजले अर्कातिर महिलालाई हाँस्न वर्जित गर्ने उखान बनाएको छ। जबकि, रुनु र हाँस्नु दुवै सुख र दुःखका अभिव्यक्तिहरु हुन् । जीवनका नैसर्गिक अधिकार हुन्। एउटाले हाँस्नै नपाउने र अर्कोले रुनै नहुने सामाजिक मनोविज्ञानले पुरुष र महिलाबीचको व्यवहारमा ठूलो विभेद पैदा गऱ्यो। समाजले पुरुषलाई अरुमाथि शारिरिक विजय प्राप्त गर्नु, धन सम्पत्ति र स्त्रीलाई एउटै कोटीमा राखेर दुवैको सक्दो भोग गर्नु पुरुषार्थ हो भनेर सिकायो र बहादुरीको मापदण्ड त्यसैलाई बनायो ।

आफूले देखेको, अनुभव गरेको सामाजिक मान्यता र सांस्कृतिक परिप्रेक्ष्यबाट पुरुषहरु कठोर प्राणी बन्न पुग्छन्। लैङ्गिक भूमिकाको अवधारणालाई जैविक रुपमा प्रस्तुत गर्न मनोवैज्ञानिक र सामाजिक पक्ष आवश्यक हुन्छ। पुरुष मनोविज्ञान हिंसा र दमनमा आधारित देखिन्छ । चाहे त्यो सत्ताको कुरा होस् वा सम्पत्तिको, चाहे त्यो प्रेम वा विवाहको कुरा नै किन नहोस्। पुरुषको मनोवृत्ति लुटेर, खोसेर वा जबर्जस्ती भएपनि हासिल गर्नै पर्छ भन्ने देखिन्छ ।

तसर्थ एसिड छ्याप्नेलगायतका आपराधिक घटना पनि शक्तिशाली हुन खोज्ने पुरुष अहंकारबाटै प्रेरित हुन्छन्। हरेक मान्छेभित्र कुण्ठा, आक्रोश र विद्रोह हुन्छ। जो बलियो र शक्तिशाली छ उसले भौतिक रुपमा अभिव्यक्त गर्दछ। भौतिक र मनोवैज्ञानिक रुपमा जबसम्म शक्ति र सत्ता पुरुषको नियन्त्रणमा हुन्छ, समाजमा यस्ता घटना दोहोरिरहन्छन् ।

हाम्रो सामाजिक मनोविज्ञानमा विभेद यसरी घुसेको छ, पढेलेखेका पुरुष समेत हरेक हिसाबले आफूभन्दा कम क्षमता भएका महिला चाहन्छन् । ताकि परिवारमा आफूभन्दा शक्तिशाली कोही नहोस् र आफ्नो अहंकारले उचित तुष्टि पाइरहोस्। अधिकांश पुरुषले विवाह गर्दा आफूभन्दा कम उमेरकी श्रीमती होस् भन्ने चाहना राख्नुको कारण के हो ? जवाफ सीधा छ( श्रीमतीको अनुभवले आफूलाई नदबाओस्। पत्नी आफुभन्दा बौद्धिक पनि नहोस् ।

यस्तो सोच र संरचनालाई बदल्ने बेला आइसकेको छ। पुरुषहरुलाई पनि रुन दिनु पर्छ र महिलालाई हाँस्न पनि। पुरुषहरु नेतृत्वकर्ता हुन्, उनीहरु महिलाभन्दा अगाडि हुनु पर्छ भन्ने सामाजिक मान्यताले महिलामात्रै होइन, स्वयं पुरुष पनि पीडित छन् । त्यसैगरी, महिला भनेका भावनात्मक रुपले कमजोर हुन्छन् र आँसु नै उनीहरुको सहारा हो भन्ने बुझाइलाई पनि अब बच्चाहरु हुर्काउँदैदेखि बदल्न जरुरी छ। यस विषयमा परिवार, समाज, नीतिनिमार्ताको गम्भीर ध्यानाकर्षण गर्न आवस्यक छ। एउटा मालिक र अर्को दासजस्तो होइन, महिला पुरुषको सम्बन्ध समानतामा आधारित हुनु पर्छ। महिला र पुरुष सामाजिक, आर्थिक र जैविक हिसाबले एक अर्कामा अन्तरनिर्भर छन् ।

नभएको प्रभुत्व स्थापना गर्न शक्ति चाहिन्छ र शक्तिको आधार सधैं हिंसा हुने हुनाले पुरुषत्व जोगाउने प्रयत्न गरुञ्जेल उसका हिंसात्मक अभिव्यक्ति रोकिने छैनन्। त्यसो हुँदा, छोरालाई कुनै विजेता जाति नठानी एक स्वभाविक सहयात्री मानेर हुर्काउने हो भने महिलामाथि भएका अत्याचार स्वतः घटेर जानेछन्। जसरी पुरुष सार्वभौम छ, स्वतः महिला पनि सार्वभौम हुन्। यो मान्यता स्थापित हुँदा यो हिंस्रकपन स्वाभाविक रुपमा नास हुनेछ ।

कुनै पुरुषलाई महिलाको प्रेम माग्नेसम्म अधिकार छ, त्यसलाई खोस्ने, लुट्ने र बलात्कार गर्ने अधिकार छैन। न त, प्रेम प्रस्ताव अस्वीकार हुँदा कसैमाथि तेजाब खन्याउने अधिकार नै । नेपाल खबर

# सुस्मिताको ससुराबाट बलात्कार पछि परिवारले हत्या गरेको प्रहरी खुलासा

ललितपुर । मकवानपुर हेटौंडा उपमहानगरपालिका-४ कर्रास्थित सुर्य चोककी २४ वर्षीया सुस्मिता क्षेत्री थापाको हत्या आरोपमा प्रहरीले चार जनालाई सार्वजनिक गरेको छ ।

सुस्मिताको आर्थिक, मानसिक र यौनजन्य हिंसापश्चात् ५८ वर्षीय ससुरा प्रकाश थापा, ५० वर्षीया सासू तुलसा थापा, २३ वर्षीया नन्द सीता थापा र २७ वर्षीया अमाजू दुर्गा थापाले सुनियोजित रूपमा हत्या गरेको निष्कर्ष निकाल्दै प्रहरीले आज पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो ।

बिबाह भएको ६ महिना नपुग्दै श्रीमान् रूपेन्द्र थापाको दुर्घटनामा मृत्यु भएपछि पीडामा रहेकी सुस्मितालाई बलात्कार गरेका ससुराले आफनो बलात्कार कर्तुत सार्वजनिक हुने डरले बुहारीको हत्या छोरी र श्रीमतीको सहयोगमा सुनियोजित हत्या गरेको प्रहरीको भनाइ छ ।

आफूमाथि आफनै ससुराले बलात्कारजस्तो जघन्य अपराध गरेको र यो कुरा कुनै पनि हालतमा लुकाएर नबस्ने सुस्मिताको मनसाय बुझेर ससुरा प्रकाश थापाको योजना बमोजिम हत्या अपराध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डी.एस.पी.इन्द्र बहादुर रानाले महिला खबरलाई बताए ।

यस्तो छ प्रहरी प्रतिवेदन मिति २०७७।०३।१५ गते ।

सुस्मिता क्षेत्री थापा हत्याकाण्ड विवरणः

मिति २०७६।०१।१८ गते स्व. रूपेन्द्र थापा र मृतक सुस्मिता क्षेत्री थापा बीच विवाह सम्पन्न भएको ।

मिति २०७६।०६।२३ गते कपिलवस्तु स्थित ससुरालीबाट मोटरसाइकलबाट फर्कने क्रममा नवलपरासीको दाउन्नेमा रूपेन्द्र थापाको सवारी दुर्घटनामा परी मृत्यु भएको । घटना विवरणः मिति २०७७।०३।०२ गते विहान अं. ०६स२० बजेको समयमा जिल्ला मकवानपुर हेटौंडा उ.म.न.पा.वडा नं. ४ कर्रा स्थित सुर्य चोक बस्ने वर्ष २४ की सुस्मिता क्षेत्री थापा आफनै घरको भान्सा कोठाभित्र मृत अवस्थामा फेला परेको भनी व.प्र.का. हेटौंडामा खबर प्राप्त भएको ।

तत्काल व.प्र.का. हेटौडाबाट घटनास्थल सुरक्षार्थ प्रहरी अधिकृत सहितको टोली खटी विहान ०६स३० बजे पुगेको । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्र.ना.उ. ईन्द्रबहादुर रानाको कमाण्डको प्रहरी टोली घटनास्थलमा खटी गएको तथा सो घरको भान्छा कोठाभित्र मृतक लाश रही ढोकाको चुकुल भित्रबाट बन्द रहेको भन्ने जानकारी प्राप्त ।

माईती पक्षलाई खबर । कार्यालय प्रमुख प्र.उ. सुशील सिंह राठौर हेटौंडा अस्पतालको MEDICAL LEGAL तालिम प्राप्त डाक्टरलाई साथमा लिई घटनास्थलमा पुग्नु भएको । दिउँसो अन्दाजी १४स०० बजे माईती पक्ष ( मृतकको बुबा समेत) घट्नास्थलमा पुगेको । स्थानीय जनप्रतिनिधी र माईती पक्षको रोहबरमा प्रहरीले ढोका फोरी हेर्दा मृतक सुस्मिता क्षेत्री थापाको शव उत्तानो अवस्थामा टाउकोमा चोट लागी रगत बगेको अवस्थामा फेला परेको ।

घटनास्थलमा तालिम प्राप्त कुकुरलाई लगी अनुसन्धान गरिएको । घटनास्थल तथा लाशजाँच प्रकृती मुचुल्का लगायतको कार्य सम्पन्न गरेको । मृतकको माइती पक्ष अर्थात पीडित पक्ष यस कार्यालयमा उपस्थित भई ज्यान सम्बन्धी कसुरमा किटानी जाहेरी दरखास्त दिएको । प्र.ना.उ. ईन्द्रबहादुर रानाको नेतृत्वमा अनुसन्धान टोली गठन गरिएको । पोष्ट मार्टम पश्चात मृतक सुस्मिता क्षेत्री थापाको शव निजको ससुरा प्रकाश थापाले बुझी लिएको । मिति २०७७।०३।०४ गते हेटौंडा अस्पतालको पत्र साथ पोष्टमार्टम रिपोर्ट प्राप्त भएको ।

मृतकका ससुरा प्रकाश थापा, नन्द सिता थापा, सासु तुलसा थापा र जेठी नन्द दुर्गा थापा कार्कीलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको । घटना हुनुका कारणहरुः मानसिक यातनाः ङ्ग स्व. रूपेन्द्र थापाको ससुरालीबाट घर फर्कने क्रममा मिति २०७६।०६।२३ गते सवारी दुर्घटनामा परी मृत्यु भए पश्चात रूपेन्द्र थापाको श्रीमती मृतक सुस्मिता क्षेत्री थापाको कारणले रूपेन्द्र थापाको मृत्यु भएको भनी परिवारका सदस्यहरूबाट पटक पटक आक्षेप लगाई मानसिक तनाव दिने गरेको ।

यौन जन्य कारणः ससुरा प्रकाश थापाबाट बुहारी मृतक सुस्मिता क्षेत्री थापालाई बाथरूममा जबर्जस्ती करणी उद्योग गरेको ।

आर्थिक कारण

(क) मृतक सुस्मिता क्षेत्री थापाको श्रीमान रूपेन्द्र थापाको सवारी दुर्घटनाबाट मृत्यु पश्चातको क्षतिपूर्ति वापत पाउने रु ५,००,०००।( (पाँच लाख) हकवाला मृतक सुस्मिता क्षेत्री थापाले प्राप्त गरेको सो सम्बन्धमा घर पक्षले हामीले पाउनुपर्छ भनी विवाद सृजना गरेको । (ख) स्व. रूपेन्द्र थापाले काम गर्ने (CSI) क्लोजर सिस्टम इन्टरनेशनल नेपाल प्रा.लि. हेटौंडाबाट निजको मृत्यु पश्चात पाउने बिमा, बोनस, तलब भत्ताको बाँकी रकम वापत एकमुष्ठ रु ३८,२८,४७२।( (अठतीस लाख अट्ठाइस हजार चार सय बहत्तर) भुक्तानी लिने विषयमा हकवालाहरु बाबु प्रकाश थापा, आमा तुलसा कुमारी थापा र श्रीमती सुस्मिता क्षेत्री थापा बीच विवाद भएको कारण हालसम्म भुक्तानी हुन नसकेको ।

(ग) सामाजिक सुरक्षा कोषबाट मिति २०७६ साल कार्तिक महिना देखि मिति २०७७ सालको बैशाख महिना सम्म मासिक रू. १७,१००।– को दरले रू. १,७७,९४८।– रकम मृतक सुस्मिता क्षेत्रीको ग्लोबल आई.एम.ई. बैंक हेटौंडाको खाता नं. ४६०७०१०००४४३३ मा अन लाईन पेमेन्ट भएको । (घ) नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेडबाट स्व. रूपेन्द्र थापाको रू. १०,००,०००।( को बचत अमृत सावधिक जीवन बिमालेख दाबी भुक्तानी

बाँकी ८ पृष्ठमा

# रामेछाप डायरी

## रामेछापमा ८ सय ५५ जनाको पीसीआर

रामेछाप । रामेछापमा कोरोना परीक्षणका लागि स्वाब पठाइएका १ सय २ जनाकै रिपोर्ट आएको छ । शनिबार रिपोर्ट आएका सबैमा कोरोना नेगेटिभ देखिएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ । यो संगै जिल्लामा ८ सय ५५ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएको छ । यसमध्ये विभिन्न समयमा गरि ३३ जनामा संक्रमण पुष्टि भएको र ८ सय ५५ जनाको रिपोर्ट नेगेटिभ आएको छ । स्वास्थ्य कार्यालयका अनुसार संक्रमण पुष्टि भएका मध्ये २६ जना कोरोना मुक्त भएर डिस्चार्ज भैसकेका छन् भने रामेछाप नगरपालिकाको आइसोलेशनमा ६ जना र सुनापति गाउँपालिकाको आइसोलेशनमा १ जना गरी ७ जना संक्रमितको उपचार भैरहेको छ । शनिबार खाँडादेवी गाउँपालिकाका थप २२ जनाको कोरोना परीक्षणका लागि स्वाब संकलन गरिएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ । शनिबार स्वाब पठाइएका २२ जनाको रिपोर्ट आउन बाँकि छ । अहिलेसम्म जिल्ला अस्पतालमा ४९ , मन्थली नगरपालिकामा २ सय ३९ , रामेछाप नगरपालिकामा ९१ , उमाकुण्ड गाउँपालिकामा ३२ , खाँडादेवी गाउँपालिकामा ३३ , गोकुलगंगा गाउँपालिकामा १ सय ९२ , दोरम्बा गाउँपालिकामा ३४, लिखुतामाकोशी गाउँपालिकामा ९१ र सुनापति गाउँपालिकामा ५७ जना गरि ८ सय ५५ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालयका अनुसार विभिन्न पालिकाहरुमा अहिले ८ जना महिला र ५३ जना पुरुष गरि ६१ जना क्वारेन्टिनमा रहेका छन् । कोरोना भाइरसबाट आउनसक्ने जोखिमतालाई मध्येनजर गरी जिल्लामा अहिलेसम्म १ सय १३ बेडको आइसोलेशन कक्ष र ४ सय ५३ बेडको क्वारेन्टिन कक्ष स्थापना गरिएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ ।

## रामेछाप नगरपालिकामा तीज नमनाउन आग्रह

रामेछाप । रामेछाप नगरपालिकाले आईतबार एक सुचना जारी गरी यस बर्षको तिज कुनै जमघट नगरी घरमै बसेर मनाउन आग्रह गरेको छ । कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका लागी नागरीकहरु सचेत भएर यस बर्षको तिज कतै नगई ,कुनै पनि जमघट नगरी घरमै बसेर परिवारसँग रमाईलो गरेर मनाउन नगरपालिकाले आग्रह गरेको हो । रामेछाप नगरपालिकाका उपप्रमुख सृजना खड्काले नजिकिदै गरेको नेपाली नारीहरुको महान पर्व हरितालिका तिज यस बर्ष घरमै बसेर मनाउन नगरबासी महिला दिदि बहिनीहरुमा अनुरोध गर्नुभएको छ ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस संक्रमणको जोखिम कायमै रहेको भन्दै उहाँले यस बर्षको तिज कतै नगई ,कुनै पनि जमघट नगरी घरमै बसेर परिवारसँग रमाईलो गरेर मनाउन आग्रह गर्नुभएको हो । अहिलेको यो परिस्थितीमा भिडभाड र जमघट गर्ने अवस्था नरहेको भन्दै उपप्रमुख खड्काले सबै जना सचेत र सुरक्षित भएर चाडपर्वहरु मनाउनुपर्ने बताउनुभयो । यो वर्ष माईत , मावल कतै नगई आफनो घरमै परिवारसँग तिजको दर खान पनि महिला दिदी बहिनीहरुमा उपप्रमुख खड्काले आग्रह गर्नुभएको छ । तिजको दिन पुजाआजा गर्दा भिडभाड नगरी , शारीरीक दुरी कायम गरी , माक्स लगाएर नजिकैको मन्दिरमा मात्र जान पनि उहाँले आग्रह गर्नुभयो ।

## मन्थली शीलका कारण बजारहरु सुनसान

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस संक्रमणको त्रासका कारण रामेछाप जिल्लाका मुख्य बजारहरु सुनसान भएको छ । कोरोना भाइरसको संक्रमणलाई रोक्नका लागि नेपाल सरकार , जिल्ला प्रशासन र स्थानिय सरकारहरुले अत्यावश्यक बाहेकका अन्य सेवा बन्द गर्ने निर्णय गरेसंगै जिल्लाका बजारहरुमा चहलपहल पातलिएको हो । जिल्लामा विहान ५ बजेदेखि १० सम्म मात्र पसल तथा व्यवसायहरु खोल्न दिने प्रशासनको निर्णय अनुसार बजारहरु सुनसान बनेका छन । कोरोना भाइरसको त्रासका कारण रामेछापका मुख्य बजार मन्थली , पुरानो सदरमुकाम रामेछाप बजार , धोवी , साँघुटार बजार लगायतका बजारहरु सुनसान भएका छन् । दैनिक हजारौं मानिसको आवत जावत र किनमेल हुने यी क्षेत्रका सवै पसलहरु बन्द गरिएका छन् । सडकहरु समेत सुनसान भएका छन् ।

८ वटा स्थानिय तह रहेको रामेछाप जिल्लामा कोरोना भाइरसका कारण संक्रमितहरुको संख्या दिनानुदिन बृद्धि हुन थालेपछि जिल्लाका बिभिन्न पालिकाहरुले अत्याबश्यक सेवा बाहेक सबै किसिमका सेवाहरु बन्द गरेका छन । मन्थली नगरपालिका , रामेछाप नगरपालिका , लिखु तामाकोसी गाँउपालिका , खाँडादेवी गाउपालिका , गोकुलगंगा गाउपालिका , दोरम्बा गाउपालिकाका र उमाकुण्ड गाँउपालिकाले अत्याबश्यक सेवा बाहेक सबै किसिमका सेवाहरु बन्द गरेको जानकारी दिएका छन । जिल्लामा अहिलेसम्म विभिन्न समयमा गरि ३३ जनामा संक्रमण पुष्टि भएको र ति मध्ये २६ जना कोरोना मुक्त भएर डिस्चार्ज भैसकेका छन् भने ७ जना कोरोना संक्रमितको उपचार भैरहेको छ ।

## हार्दिक श्रद्धाञ्जली



स्व.शर्मिला काकी


नेपाल तरुण दल रामेछाप नगर समितिका सचिव रामकुमार कार्कीको धर्मपत्नी शर्मिला कार्कीको मिति २०७७ साउन ३१ गते अल्पआयुमा असामहिक भएको निधनले हामी सवैलाई दुखित बनाएको छ । यस दुःखद घडीमा शोक शन्तब्ध परिवारप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुण ।

समिर कार्की
अध्यक्ष
७ न. वडा रामेछाप नगरपालिका(परिवार)

# बाणिज्य क्षेत्रलाई मद्दत गर्ने उद्देश्यले एसियाप्यासिफिक सेन्टर फर आर्विट्रेसन एण्ड मेडिएसन(एपक्याम) स्थापना

काठमाडौं । राष्ट्रिय र बहुराष्ट्रिय पक्षका विवाद नेपालबाट समाधान गर्ने गरी विदेशी लगानी नेपाल ल्याउन र नेपालका विवाद समाधानमा महंगो खर्च ब्यहोरेर विदेशमा रहेका संस्था र विषेशज्ञको सेवा खरिद गर्ने बाध्यतालाई अन्त्य गर्ने उद्देश्यले एपक्याम)नामक सस्था स्थापना गरिएको छ ।

विदेशी मुद्रा संचितीमा समेत मुलुकलाई र विवाद समाधानमा उद्योग बाणिज्य क्षेत्रलाई मद्दत गर्ने सहयोगीका रुपमा भुमिका निर्वाहा गर्ने एसियाप्यासिफिक सेन्टर फर आर्विट्रेसन एण्ड मेडिएसन(एपक्याम) नामक सस्था स्थापना भएको हो । विवाद शान्ति, सम्वृद्धी र विकासको बाधक भएकाले समाज रुपान्तरण र विकासका लागि सकृय एसिया प्रशान्त क्षेत्रका विभिन्न ८ संस्थाहरुद्वारा स्थापित एपक्याम्प नेपालमा पनि विस्तार गरिएको संस्थाका महासचिव तथा वरिष्ठ अधिवक्ता मातृका प्रसाद निरौलाले




जानकारी दिनुभयो ।

हाल नेपालमा नेपाल इन्टरनेशनल एडिआर सेन्टर, इण्डियन इन्स्टिच्युट अफआर्विट्रेशन एण्ड मिडिएशन, मलेसियन मिडिएशन सेन्टर, इण्डोनेसिया मिडिएशन सेन्टर, हङ्कङ इन्टरनेशनल मिडिएशन, हङ्कङ इन्स्टिच्युट अफआर्विट्रेटर्स, थायल्याण्ड आर्विट्रेशन सन्टर, अष्ट्रेलियन डिस्प्युट रेजोलुसन सेन्टर, लगायतका संस्थाहरु आवद्धभई संयुक्त सेवा शुरु गरेका छन् ।

नेपालका तर्फबाट एपक्यामकाबोर्ड सदस्य तथा नेपाल इन्टरनेशनल एडिआर सेन्टरको महासचिव वरिष्ठ अधिवक्ता मातृका निरौला, अन्य संस्थाकातर्फबाट अनिल जेभियर, डा. फ्रेसिस ल, दातुकक्तुबलजमान, फामी साहेब, सिल्भियासिविड, पसित अस्वातानापूर्ण, डेकीलोगोनेज लगायत छन् ।

संस्थाको साउन २२ गते विभिन्न मुलुकका न्यायिक क्षेत्रका विशिष्ट व्यक्तित्वद्वारा संयुक्त रुपमा एपक्यामको समुद्घाटन गरिएको हो ।

विश्वव्यापी रुपमा प्रशारण भएको अनलाइन तथा अफलाइन कार्यक्रममा नेपालकातर्फबाट पूर्वप्रधानन्यायाधीश, राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले उद्घाटन गर्नु भएको हो ।

सो अवसरमा वरिष्ठ अधिवक्ता निरौलाले एपक्याम्प संस्थापनाको चार्टडमा दस्तखत गर्नु भएको थियो । भारतको नयाँ दिल्लीबाट प्रशारण भएको सो कार्यक्रम नेपाल, मलेसिया, हङ्कङ, इण्डोनेसिया अष्ट्रेलिया ताइवान लगायतबाट संबोधन गरिएको थियो ।

'विवाद समाधानको शुलभ अवसर जुटाउनु मुलुकको जिम्वेवारी मात्र होइन विदेशी लागनी र बिश्वास आर्जन गर्ने अपरिहार्य माध्यमहो' ( वरिष्ठ अधिवक्ता निरौलाले भन्नुभयो ।

नेपालमा केही ब्यवसायी हरुको पहलमा खास गरी मध्यस्थ र मेलमिलापमा आधारित सेवा, त्यसै विषयमा थप अध्ययन, अनुसन्धान र थप सुधार गर्दै जाने उद्देश्यले ८ वर्ष अघि नेपाल इन्टरनेशनल एडिआर सेन्टर (एआएसी) को स्थापना भई केही काम हुँदै आएको थियो । एसियाप्यासिफिक क्षेत्रका विभिन्न मुलुकहरुमा यस्तै विषयमा कामगर्ने संस्थाहरु मिलेर प्रभावकारी संजाल खडा गरी बहुराष्ट्रिय पक्षहरु बीचमा खडा भएका ब्यापारिक तथा साम्पत्तिक विवादमाउक्त नेटवर्क मार्फत विवाद समाधानको सेवा दिने काम शुरु भएको बताइएको छ ।

## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनबाट पनि नाम दर्ता गर्न सकिने छ ।

## लामखुट्टेको टोकाईबाट बच्नु नै डेँगु रोगबाट बच्न सर्वोत्तम उपाय हो, त्यसैले :

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाइ बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, टाउको धेरै दुखेमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा जचाउन जाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### क्रिकेटर चेतन चौहानको कोरोनाभाइरस संक्रमणबाट निधन

कोरोनाभाइरसबाट संक्रमित भारतका पूर्व क्रिकेट खेलाडी एवं उत्तर प्रदेशका मन्त्री चेतन चौहानको नयाँदिल्लीस्थित मेदान्त अस्पतालमा आइतबार निधन भएको छ । उहाँ ७३ वर्षका हुनुहुन्थ्यो । उहाँको स्वास्थ्य अवस्था शनिबार निकै नाजूक अवस्थामा पुगेको थियो । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले चौहानको निधनप्रति गहिरो दुःख प्रकट गर्नु भएको छ । चेतन चौहान सन् १९७० को दशकमा भारतीय क्रिकेटका प्रमुख खेलाडी रहनुका साथै उहाँ महान भारतीय क्रिकेटर सुनिल गावस्करसँग मिलेर इनिङको शुरुआत गर्नु हुन्थ्यो । उहाँले सन् १९६९ मा न्यूजील्यान्ड विरुद्ध पहिलो टेस्ट म्याच खेल्नु भएको थियो । यी दायाँ हाते ब्याट्सम्यानले ४० वटा टेस्ट खेलेर व्यक्तिगत २ हजार ८४ रन बनाउनु भएको थियो । उहाँले ७ वटा एकदिवसीय क्रिकेट खेल्नु भएको थियो । गत अगस्टमा उत्तर प्रदेशकी मन्त्री कमला रानीको पनि लखनउमा कोरोनाभाइरस संक्रमणकै कारण निधन भएको थियो ।

### पोल्यान्डमा थप सैनिक तैनाथ गर्न सम्झौता

संयुक्तराज्य अमेरिकाका विदेशमन्त्री माइक पोम्पेओले पूर्वी युरोपेली मुलुक पोल्यान्डमा थप अमेरिकी सैनिक तैनाथ गर्नेसम्बन्धी एक सम्झौतामा हस्ताक्षर गर्नु भएको छ । मध्य तथा पूर्वी युरोपेली मुलुकहरुको भ्रमणको अन्त्यमा पोल्यान्डको राजधानी वार्सामा आयोजित समारोहमा पोल्यान्डका रक्षामन्त्री मेरिअस्ज ब्लाजाकसँग सम्झौतामा हस्ताक्षर गर्नु भएको हो । यो सम्झौतापछि पोल्यान्डमा थप अमेरिकी सेना तैनाथ गर्न अमेरिकालाई बाटो खुलेको छ ।

सम्झौता समारोहलाई सम्बोधन गर्दै पोल्यान्डका राष्ट्रपति आन्द्रेज डुडाले कुनै सुरक्षा खतरा उत्पन्न भए अमेरिकी सेनासँग काँधमा काँध मिलाएर लड्न पोलिस सेना तत्पर रहने वचनबद्धता प्रकट गर्नुभयो । उहाँले पोल्यान्डको अमेरिकी सैन्य अखडाले युरोपका अरु मुलुकको सुरक्षामा समेत ठूलो सघाउन पुग्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रपति आन्द्रेजले पोल्यान्डमा विदेशी लगानी र व्यापार सम्बन्धमा पनि गुणात्मक सुधार हुने अपेक्षा गर्नुभयो । पोल्यान्डमा हाल करिब चार हजार ५०० अमेरिकी सेना तैनाथ भइसकेका छन्, र चाँडै अरु एक हजार सैनिक थप हुनेछन् ।

गत महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीमा तैनाथ सैनिक कटौती गर्ने घोषणा गरेलगत्तै अमेरिकी रक्षा मन्त्रालयले जर्मनीबाट फिर्ता हुने करिब १२ हजार सैनिकमध्ये करिब पाँच हजार ६०० लाई पोल्यान्ड समेतका अन्य मुलुकमा तैनाथ गरिने जनाएको थियो । यसबाहेक, जर्मनीबाट धेरैवटा अमेरिकी सैन्य कमान्ड हटाइने भएको छ । जर्मनीमा रहेको आर्मी भी कर्प्सलाई अर्को वर्ष पोल्यान्ड स्थानान्तरित गरिनेछ ।

### अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासको क्षमता घटाइने

संयुक्तराज्य अमेरिका र दक्षिण कोरियाका सेनाको वार्षिक संयुक्त सैन्य अभ्यास यसै साता शुरु हुँदैछ । दक्षिण कोरियाका सैन्य प्रमुखले कोरोनाभाइरसको संक्रमण फैलिएसँगै यस्तो सैन्य अभ्यासलाई कम्प्युटर-आधारित युद्ध अभ्यासमा सीमित गरिने बताउनु भएको छ । यही मंगलबारदेखि आगामी अगस्ट २८ सम्म हुने यस सैन्य अभ्यासले पनि उत्तर कोरियालाई चिढ्याउने अनुमान गरिएको छ । उत्तर कोरियाले विगतदेखि नै दक्षिण कोरिया-अमेरिका सैन्य अभ्यासलाई आफ्नो मुलुकविरुद्धको अतिक्रमणका रुपमा व्याख्या गर्दै आएको छ । उत्तर कोरियाले संयुक्त सैन्य अभ्यासलाई जारी राखिए हाल अबरुद्ध वार्तालाई पुनः शुरु नगर्ने चेतावनी दिँदै आएको छ ।

यो सैन्य अभ्यास निकै नाजूक स्थितिमा आयोजना गर्न लागिएको छ किनभने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण कोरियामा तैनाथ झण्डै २८ हजार ५०० अमेरिकी सैनिकको खर्च व्यवस्था गर्न दक्षिण कोरियामाथि दबाब दिइरहनु भएको छ । यी सैनिक खासगरी दक्षिण कोरियाको सुरक्षाका लागि तैनाथ गरिएको हो । दुबै मुलुकबीच लागत साझेदारी सम्बन्धमा वार्ताहरु भए पनि सन् २०१९ मै समाप्त भएको उक्त सम्झौतामा पुनः सहमति हुन सकेको छैन । पछिल्लो सैन्य अभ्यासमा कमान्ड पोस्ट तालिम आयोजना गरिनेछ जसअन्तर्गत विभिन्न युद्ध परिस्थितिका लागि दुबै मुलुकका सेनालाई तम्तयार राख्न कम्प्युटर आधारित तालिममा सहभागी गराइनेछ । दक्षिण कोरियाली सेना प्रमुखले तालिममा कति सैनिक सहभागी हुन्छन् भन्ने बारेमा केही बताउनु भएन । तर गत वर्षभन्दा निकै कम संख्यामा मात्र सैनिकहरुको सहभागिता रहनेछ । विगतमा दुबै मुलुकका दशौं हजार सैनिक सहभागी हुने प्रचलन थियो । यस वर्ष कोरोनाभाइरस महामारीका कारण अन्यत्रबाट आउने अमेरिकी सैनिकको संख्यामा पनि व्यापक कमी हुनेछ । दुबै मुलुकका सेनाको यसअघि हिउँदे मौसममा गर्ने नियमित सैन्य अभ्यास पनि स्थगित भएको थियो ।

### युएई र इजरायलबीच सिधा टेलिफोन सेवा शुरु

युनाइटेड अरब इमिरेट्स (युएई) र इजरायलबीच कुटनीतिक सम्बन्ध स्थापना भएलगत्तै दुबै देशबीच टेलिफोन सेवा शुरु भएको छ । इजरायलले पश्चिम किनाराको केही भूभाग इजरायलमा गाभ्ने निर्णय हाललाई स्थगित गर्नेगरी संयुक्तराज्य अमेरिकाले मध्यस्थता गरेसँगै दुबै मुलुकबीच कुटनीतिक सम्बन्ध स्थापना भएको थियो । पश्चिम किनारा र गाजापट्टिलाई समेटेर स्वतन्त्र प्यालेस्टिनी मुलुक निर्माण गर्ने अभियान वर्षौंदेखि जारी छ । एसोसिएटेड प्रेसका जेरुसलेम र दुबईमा रहेका पत्रकारहरुबीच टेलिफोनमा स्थानीय समय अनुसार अपराह्न १.१५ बजे कुराकानी भएको थियो । एक घण्टापछि युएईका अधिकारीहरुले विदेश मन्त्री शेख अब्दुल्ला बिन जायद अल नाहयानले उहाँका इजरायली समकक्षी गाबी आश्केनाजीबीच टेलिफोनमा संवाद भएको जानकारी दिएका थिए । इजरायली संचारमन्त्री योआज हान्डेलले एक विज्ञप्ति प्रकाशन गरी टेलिफोन सेवा खुला गरेकामा संयुक्त अरब इमिरेट्सलाई बधाई दिनु भएको छ । धेरै आर्थिक अवसर अब खुला हुनेछन्, र यी विश्वास निर्माणका कदमहरु आ-आफ्ना मुलुकलाई अघि बढाउन महत्वपूर्ण पाइला हुनेछन् । आइतबार नै इजरायली समाचार वेबसाइटहरु युएईमा खुला गरिएका छन् । युएईले आफ्नो मुलुकमा हेर्न नपाउने गरी रोकेका टाइम्स अफ इजरायल, जेरुसलेम पोस्ट र वाईनेट जस्ता वेबसाइटहरु निर्वाध रुपमा हेर्न पाउने गरी खुला गरिदिएको छ । टेलिफोन सेवा स्थापित हुनुलाई दुबै मुलुकबीच सम्पन्न सम्झौताको एक महत्वपूर्ण कडीका रुपमा हेरिएको छ । इजरायल र संयुक्त अरब इमिरेट्सले गत बिहीबार पूर्ण कुटनीतिक सम्बन्ध स्थापना गर्ने ऐतिहासिक घोषणा गरेका थिए । अमेरिकी मध्यस्थतामा भएको उक्त सम्झौतालाई निकै अर्थपूर्ण रुपमा हेरिएको छ । उक्त ऐतिहासिक सम्झौतालाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको एउटा प्रमुख विदेश नीतिमा सफलता प्राप्त भएको रुपमा हेरिएको छ ।

# ज्यान जोगाउनै तल्लिन छन् महात्मा र क्रान्तिकारीहरू



दामोदर ढकाल "दीपक"

सानो छँदा गाई बाखा चराउन जाँदा केहीले जंगलमा सर्याक सुरूक्क गर्दा म ओडारमा लुक्थे । ओडारमा सुरक्षित महसुस गर्थे । जब मैले ओडारमा बाघ बस्छ भन्ने थाहा पाए । तब ठूलो रूखमा बस्न थाले । ठूलो रूखमा जब मैले एउटा सर्प देखे ठूलो रूखसँग डर लाग्न थाल्यो र सम्म परेको चौरलाई सुरक्षित स्थान ठान्न थाले । तर सम्म चौरमा कहाँबाट बिच्किएर आएको बारूलोले चिलिदियो । त्यसपछि कहिँ सुरक्षित नठानेकोले जे पर्छ सोही टर्छ भनेर जहाँ छु त्यहीँ नै डरको सामना गर्न थाले ।

वास्तवमा हरेक मान्छेको जिन्दगी डरै डरमा कटिरहेको छ । संसारमा कोही हिम्मती छँदै छैन । यहाँ म हिम्मतीको एउटा चुटकिला प्रस्तुत गर्दछु । एउटा पुलमाथि धेरैजना हिडिरहेका थिए । नदी वगेको हेर्दै हिडिरहेका मान्छेले एउटी युवतीलाई नदीले वगाउँदै ल्याएको देखे । युवती वगेको देखेर एउटा युवकले नदीमा हामफाल्यो र युवतीलाई नदीबाट बाहिर निकाल्यौ । उक्त युवकको सबैले प्रसंशा मात्र गरेनन अलिअलि पैसा उठाएर नगद सहित सम्मान गर्ने योजना बनाए । सबैले युवतीलाई बचाउने साहसी भन्दै उसलाई सम्मान लिन बलाए । उसले नगद सहितको सम्मान लियो । उसलाई केही बोल्नको लागि भनियो । उसले मलाई सम्मान दिएकोमा सबैलाई आभार प्रकट गर्यो र अन्तिममा कड्केर बोल्यो, " मलाई पछाडिबाट धकेल्ने को हो ? त्यतिबेला उसलाई पछाडिबाट धकेल्ने कहाँ पुगिसकेको थियो वा त्यो समुहमै लुकेर बसेको थियो किनकि उसले थाहा पाएमा उसलाई मार्न सक्ने डर उसमा थियो । यहाँ मैले उठाउन खोजेको कुरा के हो भने संसारमै डरले साम्राज्य जमाएको छ । हरेक मान्छे डरमा नै जिइरहेका हुन्छन् । यदि डर नहुने हो भने अनुशासनको पालना कसैले गर्ने थिएनन् । सानोमा मेरो जिन्दगी डरै डरमा वित्यो । चाँहे गाईबाखा चराउन वनमा जाँदा होस् । चाँहे विद्यालय जाँदा होमवर्क नगरेको वा क्लासवर्कमा उत्तर नजान्दा शिक्षकले दिने दण्डको डरले होस् । जब युवक भइयो तब नि डरले छोडेन । युवा अवस्थामा त डरसँगै लाज नि थपियो । लाज सहितको डर झन खतरनाक यो डर विपरित लिङ्गीसँगको आकर्षण हुने बेलादेखि शुरू हुने रहेछ । यो डर र लाजको जिन्दगी पनि राम्रैसँग कटाइयो ।

नेपालमा समानताको लागि जब जनयुद्ध शुरू भयो । त्यसपछि त झन डरको कुरै नगरौ । जनसेना देख्दा नि डर , सुरक्षाकर्मी देख्दा नि डर । दुबैले प्रश्न सोध्ने । दुबैको प्रश्न केवल प्रश्न मात्र हुन्नथ्यो , धम्की सहितको प्रश्न । दुबै थरिका प्रश्नमा सावधानी सहित उत्तर दिनुपर्थ्यो नत्र जीवन धरापमा पर्न सक्ने खतरा । यी दुवै लोककथाका यमराजका दस्ता जस्ता लाग्थे । उनीहरूले प्राणपखेरू उठाउँदा कानून लाग्दैनथ्यो । कारण माओवादीले मार्दा माओवादीले मारे भन्थे, सुरक्षाकर्मीले मार्दा सुरक्षाकर्मीले भन्थे । यतिमै ज्यान जान्थ्यो । यमराजहरूबाट बच्न शहर आइयो । शहरमा खान, बस्नको लागि पैसा कमाउन जरूरी थियो । काम शुरू भयो, अब डर आफुभन्दा सिनियर र साहूको लाग्न थाल्यौ । डरै डरमा जीवन चल्न थाल्यो । जसरी भए नि टिक्नु र सीप सिक्नु थियो । तसर्थ डरलाई सहँदै सीप सिकियो अब आफु साहुको मात्र डरमा चल्ने भइयो । राम्रै आर्जन गर्ने भइयो । त्यसपछि बिहेको प्रसङ्ग चल्यो । बिहेपछि त घरमा सेर भित्र्याइयो । अब त झन् सेर र सेरका परिवारको डरमा बाँच्न थालियो । डर र भय पचाएर बाहिर हाँस्न पनि थालियो ।

नीजि कम्पनीको सुपरभाइजर भनेपछि ससुराली तर्फबाट नाक खुम्च्याउने भए । अब डरमुक्त हुन साहू बन्ने निर्णय गरियो । ऋण धन जम्मा गरेर कम्पनी खोलियो । कम्पनी खोलेपछि त झनै डरैडरै, विद्यार्थीहरू आए भने चन्दा लिन आए भन्ने डर, युवा आए भने पाटीलाई चन्दा लिन आए भन्ने डर, सरकारी कर्मचारी आएभने चेकजाँज गर्न आए भन्ने डर, श्रीमतीका आफन्त आएभने फलानालाई जागिरमा राख्दै भन्ने डर, कर्मचारी आयो भने कामसिकिसके तलव बढाइदे भन्ने डर, मार्केटिङ्गे मान्छे आयो भने इन्सेन्टिभ र स्कीम चाहियो भन्ने डर । पत्रकार आए भने विज्ञापन लिन आए भन्ने डर , साथीभाइ आए भने राम्रो होटलमा लगेर दारूपानी खुवा भन्ने डर । केही वर्ष डरै डरमा साहू भइयो र सारा सम्पत्ति गुमाइयो । अब त छोरा छोरीले पनि बाघ डुक्रिए जस्तो डुक्रन थाले । वरिपरि डर । दैनिक व्यवहार चलाउन देखि डुबेको ऋण तिर्न र गुमेको सम्पत्ति कसरी ल्याउने सम्मको डरले पो साम्राज्य जमाउन थाल्यो । रातदिन मिहिनेत गर्न शूरू गर्न थाले । सम्पत्ति गुमेको थियो, ऋण को बोझ थियो तर नगुमेको चिज थियो सीप । परदेशको असल साथी सीप हो । तर संसारमै एउटा रोगले आतङ्क मच्चायो । त्यो रोग हो कोरोना । मेरो सीप कोरोनाको कारण काम नलाग्ने भयो । आफ्ना पाखुरा बजारेर खान्छु भन्ने मेरो हिम्मत राहत थापेर खानेमा परिणत भयो । आफ्नै कोठामा आफै थुनिनु पर्ने बाध्यता आइपर्यो । सोचे मेरो जिन्दगी डरै डरमा जाने भयो । एकान्तवासमा मैले मेरा दुई जना साथीलाई सम्झे । एकजना कमरेड र अर्को परोपकाराए । उनीहरू मैले ११ र १२ कक्षा पढ्दाका साथी हुन् । कमरेड साथी ले चिल्लो र ठूलो कापीमा कसैलाई लेख्दै गरेको देख्यो भने भन्थ्यो, त्यो सामान्तीको छोरो र महङ्गो कपडा कसैले लगाएको देख्यो भने भन्थ्यो , सामान्तीहरू ब्रान्डेड कपडा लगाउँछन् । जब क्रान्ति सफल हुन्छ । हरेक नेपालीले उस्तै लाउछन् खान्छन्, साहू महाजनको युग सकिने छ, सबै नेपाली काम गर्छन्, सबैले कमाउछ र बिस्तारवादी हरेक नेपालीको भागमा यति ऋण छ भनेको तिर्छन । जनतको छोरोले राज गर्छ ।

अर्को साथी कोही बाटोमा मागेर बसिरहेको देख्यो भने हामी सबैसँग पैसा उठाएर माग्नेलाई दिन्थ्यो र भन्थ्यो , परोपकाराय पुण्याय । यो शरीर परोपकारका लागि हो जन्म र मृत्यु माथिबाट लेखिएर आएको हुन्छ बाचुन्जेल अरूको सेवा गरौ ।

तर कमरेड साथी भन्थ्यो अन्यायका विरूद्धमा लडौ, हामीले नभोगे पनि पछिल्लो पुस्ता समानता पुर्वक बाच्न पाउँछन् । अन्यायका विरूद्ध लड्दै गर्दा मरिए , हाम्रो शरीर लास नभएर सहिद हुन्छ । हामीलाई पूजा गर्छन । मलाई ती दुबैले मनपराउँथे र आ आफ्नो गुटमा लैजाने प्रयत्न गरेका थिए तर म भित्रको डरले सहभागी हुन सकिन ।

आज लकडाउनमा दुबैलाई सम्झिए । फेसबकबाट उनीहरूलाई खोजे । कुराकानीको क्रममा थाहा भयो उनीहरू काठमाडौंमा नै रहेछन् । फोन नम्बर आदान प्रदान भयो । भोलिपल्ट लकडाउनमा कोठामा बस्न अल्छी लागेकोले मैले परोपकारायलाई भेटौ भन्ने प्रस्ताव राखे । उसले उसको घरको लोकेशन दियो, म उसको घरमा पुगे । गेटमा दुईटा धर्मसेवकले मेरो खुबै सोधपुछ गरे र महात्मा ज्यूलाई सोधेर आउँछु बस्दै गर्नुस भने । म पर्खिएर बसे, केही बेरमा मेरो पालो आयो माथि जानुस र महात्मा ज्यूलाई नारायणको अभिवादन गरेर जानुहोस् । परोपकाराय महात्मा बनेछ । म उसको हबेलीमा लिप्ठ चढेर गए । उसको कोठामा पुगे, ३ मिटरको दुरीमा माक्स लगाएर कुराकानी गरियो । कुराकानीको क्रममा उसले भन्यो आज तपाईं मैले भनेको मान्नु भएको भए मेरो प्रमुख सहायक बन्नुहुन्थ्यो । निशुल्क आभास र गाडी सहित राम्रै पारिश्रमीक दिन्थे । हेर्नुस यो विशाल घर नि दानमा नै आयो मेरो । खानलाई दाल चामल नभए लिएर जानुहोला । बेलाबेलामा आउनुहोला । उसको कुरा सुनेर मैले प्रश्न गरे अनि राहत बाड्नु भएको छैन अरूलाई ? मेरो प्रश्नमा उसले जवाफ दियो केही धर्म सेवक राहात जुटाउन जानुभाछ, केही धर्मसेवक राहत बाड्न जानुभाछ । म चाहिँ यो विषम परिस्थितिमा कही निस्कन्न, ज्यान रहे परोपकार गरिहालिन्छ नि पछि ।

उसँगको कुराकानी सकेर म फर्कन लाग्दा दाल चामल लिएर जानू भन्दै थियो तर अहिलेलाई छ भनेर म फर्किए ।

घर पुगेर भोलिलाई कमरेडसँग भेट्ने समय मिलाए । उसले विहान यतै खाना खानेगरी आउनु भनेर उसको घरको लोकेशन पठायो । करिव बिहान आठबजे म उसको घरमा पुगे र सोधे । उसको घर पनि परोपकारायको जतिकै थियो । उसका कार्यकताले खुबै सोधीखोजी गरे । अन्त्यमा एउटा कार्यकर्ता मेरो नाम लिएर सोध्न गयो । उ आएर मलाई माथि छतमा जानू र लालसलाम गरेर कमरेडलाई भेट्नु भन्यो । म लिफ्ट चढेर छतमा गए, कमरेड आफै दाउरामा मासु पकाउँदै रहेछन् । म जानासाथ नास्ता आइपुग्यो । नास्ता ल्याउने केटी त्यही १८ वर्ष जतिकी थिइन , साथीले उनको परिचय गरायो । यी मेरी कान्छी कमरेड हुन् । जेठी कमरेड छोराछोरीसँग लण्डन बस्न थालेपछि यिनलाई बिहे गरे । हाम्रो अभिवादन साटासाट भयो । हामीले कलेज जीवनका कुरा गर्यौ । परोपकारायको कुरा चल्यो तब साथीले भन्यो केटी केसमा झन्डै फसेको थियो मैले बचाईदिए, उसका नि श्रीमती र छोरा लण्डनमै छन् । केहीबेरमा खाना खाइयो खानामा घरपालुवा देखि वनका जनावरको समेत मासु थियो ।खाना खाएको केहीबेरमा केही कार्यकता आए र पैसा बुझाए । पैसा किन कम कमरेड कड्कियो । उनीहरूले कारण बताए तब साथी कमरेडले भन्यो सामान्तीलाई छुट दिनुहुन्न । उसले कार्यकतालाई सस्तो चामल किनेर बाड्न केही पैसा दिएर पठायो । तब हामीले पुन गफ थाल्यौ मैले आफ्नो सारा कथा सुनाए तब उसले भन्यौ मैले भनेको मान्नु भएको भए आज तपाईं मेरो पि ए बन्नुहुन्थ्यो । कहाँ साहु बन्न खोजेर हुन्छ । हामीले साहु बन्ने होइन सामान्ती तह लाउने व्यापार गर्नुपर्छ । उसको कुरा पनि सुने । फर्किदा दाल चामल उसले नै लैजा भन्यो तर मसँगै छ भनेर म फर्किए ।

कमरेड र परोपकाराय दुबै हवेलीमा बस्छन । छोराछोरी लण्डन छन् । कोरोनामा धर्मसेवक र कार्यकर्ता पठाउछन् दिन र लिनलाई । तर उनीहरू भित्रै बसेका छन् ज्यान जोगाउन । आज वेरोजगार भई खा नपाउनेका पक्षमा, को बोल्छ । उद्योग खुल्न नपाएर भाडा तिर्न नसक्ने उधोगपतिको पक्षमा को बोल्छ । आखिर समाजका लागि बोल्ने र आत्मबल दिने कमरेड र परोपकाराय आफ्नै ज्यान जोगाउन हबेलीमा बसेका छन् । सबैभन्दा राम्रो र घाटा नलाग्ने व्यापार गरेर ।

# कोरोनाको बारेमा अनुसन्धान

- चन्द्रप्रसाद घिमिरे

कोरोनाको बारेमा अनुसन्धान गर्ने बिज्ञहरू नै चकित भएको सुनिन्छ,किनकी त्यसको लक्षण के ? त्यही कुरा स्पष्ट छैन । कसैलाई ज्वरो आउँछ भने कसैको ज्वरो न भै एकैचोटी निमोनिया देखिने,कसैलाई स्ट्रोक हुने,कसैलाई एक्कासि पखाला लाग्ने,कसैको मिर्गौला फेल हुने,कसैको मुटु फेल हुने । कसैलाई कुनै लक्षण नदेखिएको तर रिपोर्टमा पोजेटिभ हुने,कोही बाटो हिड्दा हिड्दै बेहोस भएर मर्ने,कतै आमालाई देखिने त्यही आमाको दूध खाने बच्चालाई नहुने, श्रीमान् लाई देखिने श्रीमतीलाई नहुने,साथिलाई सर्ने घर परिवारलाई नसर्ने अचम्म छ कोरोनाको गतिविधि । त्यसैले कोरोनाको नाटकीय रूप भएकोले त्यसको सिकार जो कोही पनि हुन सकिन्छ । पक्कै पनि आजसम्म सामाजिक दुरीले नै यसको केही मात्रामा फैलावटमा रोकथाम चाहीँ भएको देखिन्छ।किनकी लकडाउनको अवधिभर कोरोना नियन्त्रण भएको थियो जब लकडाउनको अन्त्य गरियो ५-७ दिनमा नै यसको भयावह स्थिती देखियो।त्यसैले सबै कुरा बाँचेमा गर्न र देख्न पाइन्छ कुनै कुरा बितोस पछि परोस् सुर्ता नलिई सामाजिक दुरी कायम गरौं एक आपसका अनुभव साटासाट गरौं आफू बाचौँ र अरूलाई पनि बचाऔँ । जीवन बाँच्यो भने मात्र पढाइ,लेखाइ लगायत विभिन्न उद्योग धन्दा,ब्यापार आदि होला नभए हामीलाई के नै चाहियो र ? आज यो बित्यो भोलि त्यो बित्यो नभनौँ केही बित्दैन । मानवको अस्तित्व नै डाइनोसरको अवस्थामा पुग्ने खतरा देखियको छ।होसियार भएर बसौं । को कमजोर को बलियो कुन वृद्ध कुन युवा त्यसले कसैलाई पनि छोड्ने रहेनछ । त्यसको कुन रूप हो के गर्छ भन्ने कुरामा समेत अन्योलता भएको हुँदा आउँदै गरेका चाडपर्व समेतको वास्ता नगरौं आ-आफना घरमा बसौं जे छ त्यही खाऔँ । बाँचेमा अर्को साल अर्को चाड मनाऔंला । कुन ब्यक्ती कहाँ कसरी संक्रमित हुन्छ टुङ्गो छैन । छोराछोरीहरूको पढाइ बिग्र्यो भन्ने चिन्ता पनि नलिऔँ १५ वर्षमा पढ्न शुरू गरेका ब्यक्तिले पनि पिएचडी गरेका धेरै उदाहरण छ्न । विश्वका बालबालिकाको हालत त्यही हो हाम्रो मात्र होइन सबैले बुझौं र बुझाऔँ । अर्को कुरा हामीले कुनै कुराको चिन्ता नलिऔं चिन्ता भनेको झन कोरोना भन्दा ठूलो रोग हो । चिन्ताले रोगसँग लड्ने क्षमता कमजोर बनाउँछ, त्यसैले स्वस्थ खाना स्वस्थ बिचार र चिन्तनको बिकास गर्न त्यतिकै जरूरी छ । शारीरिक ब्यायाम घरमा नै गरौं, त्यो पनि रोगसँग लड्ने एउटा पाटो हो । स्वस्थ बिचार ,स्वस्थ जीवनको आधार !!!

# अनलाइनमार्फत ४८ लाख ठगी गर्ने विदेशी नागरिक पक्राउ

काठमाडौँ । प्रहरीले नक्कली मुद्रा कारोवार गर्ने र अनलाइन ठगी गर्ने विदेशी नागरिकलाई पक्राउ गरेको छ । प्रहरीको महानगरीय अपराध महाशाखाले सामाजिक सञ्जालमा एक महिलालाई आफू लण्डनको बुपा क्यामवाल अस्पतालको डाक्टर रहेको र नेपाल आएपछि बिहे गर्ने भनी रू ४८ लाख ५४ हजार ४२० ठगी गर्ने रिपब्लिका दि एङ्गोलाका ४८ वर्षीय सिल्भा एन्टोनियो दा कोस्टालाई पक्राउ गरेको हो ।

महाशाखाका प्रवक्ता, प्रहरी उपरीक्षक ईश्वर कार्कीले पीडित महिलालाई नयाँ वर्षको अवसरमा हिराको औँठी, घडी, सुनको सिक्री र नगद रू दुई लाख ३० हजार पाउण्ड पठाएको र सामानको भन्सार र एक्सचेञ्ज चार्ज बुझाउन पर्‍यो भनी उक्त रकम ठगी गर्ने विदेशी नागरिक कोस्टालाई शुक्रबार सोल्टी होटलबाट पक्राउ गरिएको जानकारी दिनुभयो ।

"पक्राउ कोस्टाले भन्सार छुटाउनका लागि आवश्यक पीडित महिलासँग थप रू २० लाख मागेपछि प्रहरीको टोलीले शुक्रबार सोल्टी होटलबाट नियन्त्रणमा लिएको हो", प्रवक्ता कार्कीले भन्नुभयो । पक्राउ व्यक्तिले सोहीदिन अर्की युवतीबाट पनि रू ३७ हजार ठगी गरेको अनुसन्धानमा खुलेको छ ।

पक्राउ परेकै दिन प्रहरीले कोष्टाको ठमेलस्थित कोठामा समेत खानतलासी गरेको छ । खानतलासीका क्रममा कोष्टाको कोठाबाट नक्कली नोट बनाउन प्रयोग हुने केमिकल र कागजसमेत प्रहरीले बरामद गरेको प्रवक्ता कार्कीले बताउनुभयो । पक्राउ व्यक्ति विसं २०७६ फागुनमा नेपाल आएको प्रहरीले जनाएको छ ।

पक्राउ व्यक्तिसँग नेपाली रू तीन लाख १५ हजार ७४५, अमेरिकन डलर ९००, एटिएम कार्ड, ल्यापट एक थान, नक्कली नेपाली एक हजारका नोट तीन थान, नोट आकारको कालो कागजको बण्डल, ए फोर पेपरलगायतका सामग्री प्रहरीले बरामद गरेको छ । पक्राउ व्यक्तिलाई जिल्ला अदालतको पाँच दिनको म्याद थप गरी अनुसन्धान तथा कारवाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौँ पठाइएको महाशाखाले जनाएको छ ।

# जुम्ला र हेटौँडामा निषेधाज्ञा थपियो

वाग्मती । मकवानपुरमा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि मकवानपुरको हेटौँडा उपमहानगर पालिकाको सम्पूर्ण क्षेत्र तथा मनहरि गाउँपालिकाको राजमार्ग क्षेत्रमा ९ गतेसम्मका लागि निषेधाज्ञा जारी गरिएको छ । यसअघि साउन २६ गतेदेखि साउन ३२ सम्म निषेधाज्ञा जारी भएको थियो । हेटौँडास्थित जिल्ला प्रशासन कार्यालय मकवानपुरमा कोरोना सङ्कट व्यवस्थापन केन्द्रको बसेको बैठकले नौ दिन निषेधाज्ञा थप्ने निर्णय गरेको बताइएको छ ।

कोरोना भाइरस जनस्तरमा फैलिन थालेपछि जनताको स्वास्थ्य सुरक्षाका लागि निषेधाज्ञा थप गरिएको प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले भन्नुभयो । निषेधाज्ञा विगतको तुलनामा कडा पारिने उहाँका भनाइ छ । निषेधाज्ञाको समयमा बिहान ५ बजेदेखि बिहान ८ बजेसम्म पसल खुला रहने छ । त्यस अवधिमा हेटौँडाका खाद्यान्न, तरकारी र फलफूलका पसल सञ्चालन हुने बताइएको छ । साथै हेटौँडा उपमहानगरपालिका तथा प्रहरीद्वारा माइकिङ गरी निषेधाज्ञाको पालना गर्न टोल तथा बजारमा सूचनासमेत जारी गरेको पाइएको छ । त्यसैगरी सुरक्षा सतर्कता पनि बढाइएको छ । जिल्ला बाहिरबाट भित्र तथा जिल्ला भित्रबाट बाहिरको आवागमनममा पनि रोकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

जुम्लाको सदरमुकाम खलङ्गा चन्दननाथ नगरपालिकासहित जिल्लाका तातोपानी, हिमा, सिञ्जा गुठीचौर र कनकासुन्दरी गाउँपालिमा पुनः निषेधाज्ञा जारी गरिएको छ । समुदायमा कोरोना भाइरस फैलिन थालेपछि जिल्ला प्रशासन कार्यालय जुम्लाले नगरपालिकासहित स्थानीय तहमा निषेधाज्ञा जारी गरेको हो ।

चन्दननाथ नगरपालिका भने सिल नै गरिएको छ । बजार क्षेत्र भएको नगरपालिकाको पूर्वमा दानसाँघु, उत्तरमा कर्णाली प्राविधिक शिक्षालय, दक्षिणमा तिलानदी र पश्चिममा गमगाड क्षेत्रभित्रका औषधि पसलबाहेक अन्य सम्पूर्ण पसल पूर्णरूपमा बन्द गरिएको छ । पातारासी गाउँपालिकामा भने यसअघि नै निषेधाज्ञा गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले जारी गर्नुभएको निषेधाज्ञामा साउन ३२ गते राति १२ बजेदेखि लागू हुने गरी अनिश्चितकालीन निषेधाज्ञा जारी गरिएको जनाइएको छ । स्थानीय प्रशासनले सङ्क्रमण रोग ऐन, २०२० को २(२) र स्थानीय प्रशासन ऐन २०२८, को ६ (३) बमोजिम निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञामा विभिन्न स्थानमा स्वाब सङ्कलन गर्दा समुदायमा कोरोना फैलिनबाट रोक्न, सङ्क्रमण हुन नदिन निषेधाज्ञा गरिएको हो ।" यसैगरी कुनै पनि भेला नगर्नसमेत निर्देशन गरिएको छ । तीज नजिकिँदै गर्दा विभिन्न स्थानमा हुने भेला, गाउँमा धार्मिक मेला र राजनीतिक भेलाले जोखिम बढेको प्रमुख जिल्ला अधिकारी थापाले बताउनुभयो ।

यता कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि जिल्ला सङ्कट व्यवस्थापन समिति सिरहाले जिल्लाको १७ वटै स्थानीय तहमा भदौ १५ गतेसम्म लकडाउन गर्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलको अध्यक्षतामा बसेको जिल्ला सङ्कट व्यवस्थापन समितिको बैठकले कोरोना भाइरसको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सिरहाको १७ वटै स्थानीय तहले आ(आफ्नो पालिकाभित्र १५ दिनका लागि लकडाउन गर्ने निर्णय गरेको हो । समितिको निर्णयअनुसार लकडाउन गर्न सबै पालिकालाई पत्राचार गरिसकेको प्रजिअ कँडेलले बताउनुभयो ।

यसैबीच कोरोना भाइरसको सङ्क्रमण बाँकी ८ पृष्ठमा


## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**

